# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १३ अंक २३५ बुधबार, ३० असोज २०८१ SOURYA NATIONAL DAILY Wednesday, 16 October 2024 पृष्ठ : ८ मूल्य रू. ५




**चाडसँगै कृषिको चटारो**

काभ्रेपलाञ्चोकको बनेपा नगरपालिका-९ स्थित नालारोड नजिकै नयाँ बस्तीमा मंगलबार धान झार्दै किसान । दसैं सकिएलगत्तै किसानलाई धान भित्र्याउने चटारो छ । *तस्बिर : रासस*

धर्मशालामा चरम राजनीति

# अदालतको फैसला कार्यान्वयनमै चुनौती




■ **सौर्य समाचार**

काठमाडौँ । पवित्र पाशुपत्र क्षेत्रमा सञ्चालित गौशाला/धर्मशालामा व्यापक राजनीति भएको छ । यसअघि मारवाडी सेवा समितिले सञ्चालन गर्दै आएको गौशाला धर्मशाला अदालतको फैसलापछि पशुपति क्षेत्र विकास कोषले नै सञ्चालन गर्ने निर्णय भए पनि मारवाडी सेवा समितिको अवरोधका कारण कोषले हालसम्म खाली गराउन सकेको छैन ।

कोष र काठमाडौँ महानगरपालिकाबीच भएको सहमतिअनुसार धर्मशालामा बोर्ड राख्न गएको महानगर प्रहरीको टोली समितिको अवरोधका कारण मंगलबार पनि खाली हात फर्किन बाध्य भएको छ । जिल्ला प्रशासन कार्यालयले सुरक्षा दिन नमानेपछि महाननगर प्रहरी रित्तै हात फर्किएको हो । महानगरले जिल्ला प्रशासन कार्यालय काठमाडौँलाई पत्र लेखेर धर्मशाला सञ्चालन तथा व्यवस्थापनका लागि शान्ति सुरक्षासहित सहयोग माग गरेको थियो । तर, प्रशासनले सुरक्षा दिन नमानेपछि काठमाडौँ महानगर पछि हट्न बाध्य भएको हो ।

धर्मशालामा महानगरपालिकाले बोर्ड राख्न खोजेपछि मारवाडी सेवा समितिले विरोध गरेको हो । समितिका पदाधिकारीहरूले मुद्दाको किनारा नलागेसम्म न्यायिक अधिकार सुरक्षित रहनुपर्ने माग राख्दै प्लेकार्डसहित प्रदर्शन गरेका हुन् । समितिले फैसला भए पनि पूर्णपाठ सार्वजनिक नभइसकेकाले त्यतिबेलासम्म आफूहरूको न्यायिक अधिकार सुनिश्चित हुनुपर्ने बताएको छ ।

यसअघि पनि मारवाडी काठमाडौँ महानगरपालिकाले यसअघि पनि धर्मशालामा बोर्ड लगाउने प्रयत्न गरेको थियो । त्यतिबेला मारवाडी र महानगर प्रहरीबीच धकेलाधकेल भएको थियो । प्रशासनलाई पत्र पठाएलगत्तै मंगलबार नगर प्रहरीको टोली बोर्ड लिएर धर्मशाला पुगे पनि मारवाडी सेवा समितिका पदाधिकारीहरूले विरोध गरेका हुन् । लामो समयदेखि गौशाला क्षेत्रको जग्गामा सञ्चालित धर्मशाला मारवाडी सेवा समितिले भाडामा सञ्चालन गर्दै आएकामा हाल आएर मोहियानी हक खोज्न थालेको हो ।

यसैबीच, पशुपति क्षेत्र विकास कोषले कानुनी प्रावधान र प्रक्रियाअनुसार नै पशुपति धर्मशालाको जिम्मेवारी कोषले लिएको स्पष्ट पार्दै मारवाडी सेवा समितिले कोषको जग्गामा 'आँखा लगाएको' प्रतिक्रिया दिएको छ । मंगलबार पत्रकार सम्मेलन गर्दै कोषले समितिसँग करार रद्द गर्ने निर्णयविरुद्ध परेको मुद्दामाथि अदालतले नै कोषको पक्षमा फैसला गरेकाले कानुनी प्रावधान र प्रक्रियाअनुसार नै पशुपति धर्मशालाको जिम्मेवारी कोषले लिएको स्पष्ट पारेको हो ।

पशुपतिको ९ रोपनीभन्दा बढी जग्गाको मोहियानी हक गौशाला/धर्मशालासँग सुरक्षित रहेको र आफूले १९९७ सालदेखि त्यसको व्यवस्थापन गर्दै आएको मारवाडी सेवा समितिको दाबी छ भने कोषले भने मारवाडी सेवा समितिले कहिले पनि गौशाला चलाउने मोहियानी हक प्राप्त नगरेको दाबी गरेको छ । अदालतको फैसलापछि धर्मशाला सञ्चालन र व्यवस्थापनको नीति बनाई सञ्चालनका लागि काठमाडौँ महानगरसँग सहमति भएको कोषले जनाएको छ । धर्मशालाको व्यवस्थापन महानगर र सञ्चालन कोषले गर्ने कोषका सदस्य सचिव डा. मिलनकुमार थापाले बताए ।

**बाँकी पृष्ठ २**

# बाढीपहिरोसँगै डेंगीले बिथोलेको दसैं

■ **सौर्य समाचार**




काठमाडौँ । यस वर्षको दसैंको मुखमा देशले भयानक विपत्तिको सामना गर्नुपर्‍यो । दसैं लाग्ने बेलैमा परेको अविरल वर्षाका कारण देशैभर बाढी र पहिरोले क्षत्‌विक्षत् बनायो । जनधनको ठुलो क्षतिसहित देशका विभिन्न राजमार्गहरू तहसनहस भए । दसैं मान्न गाउँ फर्किनेहरू धेरैलाई सडककै कारण काठमाडौँमै रोकिनुपर्‍यो भने धेरै जना दुःखसुख गर्दै गन्तव्यतर्फ लागे ।

बाढीपहिरोको कहरसँगै दसैंमा नेपालीले भोगेको अर्को दुःख हो- डेंगी महामारी । अविरल वर्षा र त्यसपछिको बाढीपहिरोका कारण अधिकांश मानिसको बासस्थान खोसिएसँगै लामखुट्टेको टोकाइबाट सर्ने डेंगीले महामारीकै रूप लियो । पानी परेपछि धेरै स्थानमा पानी जम्ने र त्यहीँ डेंगी गराउने लामखुट्टेका लार्भा हुर्किन पाएकाले यसले काठमाडौँ उपत्यकासहित देशैभर महामारीको रूप लिएको हो ।

देशका अधिकांश स्थानमा मानिसहरू दसैंको समयमा डेंगी संक्रमित भएर कोही अस्पताल भर्ना भए भने कतिपय घरमै आराम गर्नुपर्ने अवस्था सिर्जना भयो । बाढीपहिरोबाट जसोतसो बचेर दसैं मनाउन गाउँ पुगेकाहरू पनि दसैंमा भने डेंगी ज्वरोका कारण थलिनुपर्‍यो । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका क्लिनिकल रिसर्च युनिटका संयोजक डा. शेरबहादुर पुनका अनुसार पछिल्लो समय डेंगी संक्रमण समाजमा भयावह रूपमा फैलिएको छ । डेंगी संक्रमण भइसकेपछि निको हुने क्रममा यसले जटिल अवस्था निम्त्याउन सक्ने भन्दै डा. पुनले यसबारे सचेत हुन भनेका छन् ।

## जटिल डेंगीबाट कसरी जोगिने : डा. पुन

बिदाको दिन सामान्यतया म तरकारी किन्न तरकारी बजार जाने गर्छु । अनि फर्किंदा सार्वजनिक गाडीमा/बसमा फर्कने गर्छु । केही दिनअघि मेरो ठिक पछाडिको सिटमा एक जोडी ज्वरो अनि टाउको/जिउ असाध्य दुखेको, खानामा अरुची भएको भन्दै कुरा गर्दै थिए । अर्कोले भन्दै थियो- सायद डेंगी पो हो कि ? भोलि चिकित्सकसँग परामर्श गरेर रगतको जाँच गराउनुपर्ला भन्दै बिरामीले भन्दै थिए । त्यस्तै अस्ति बिहानै कोठाको झ्यालबाहिर २ व्यक्ति (सायद मर्निङवाकमा थिए) ज्वरो अनि जिउ दुखेको भन्दै डेंगी लागेको शंका गर्दै थिए । यसबाट हाल समुदायमा डेंगी फैलिएको देखिन्छ ।

डेंगी सरुवा रोग होइन, तर यो लामखुट्टेको टोकाइबाट सर्ने र फैलने गर्छ । डेंगी लक्षणहरूका बारेमा चर्चा हुने गरेको देखिए पनि अधिकांश संक्रमित लक्षण बोकेरै आफ्नो कार्यक्षेत्रमा खटिरहेका पनि देखिन्छन् । कतिपय भने घरमा नै आराम गरेर स्वास्थलाभ गरिरहेको अवस्था छ । डेंगीका लक्षणहरूका बारेमा धेरै सुनेको र व्यापक प्रचार भएको पनि देखिन्छ । तर, जटिलता निम्त्याउन सक्ने संकेतहरूका बारेमा भने कमैलाई थाहा भएको देखिन्छ ।

सन् २०२२ मा अधिकांश डेंगीबाट मृत्यु भएकाहरू भर्ना हुँदा नै जटिल डेंगी लिएर आएका तथ्यांक देखिन्छ । तर, हामीले विगतमा देखिएका कमीकमजोरीबाट सिकेर आगामी दिनमा डेंगीको मृत्यु दरलाई घटाउने कोसिस गर्नुपर्छ । यसर्थ डेंगीको मृत्युदर वा जटिलता घटाउने एक मुख्य उपायमध्ये 'जटिल डेंगी' का पूर्वसंकेतहरूका बारेमा थाहा पाउनु पनि आवश्यक छ ।

**बाँकी पृष्ठ २**

# लुक्लामा २ दिनदेखि उडान ठप्प



■ **सौर्य समाचार**

सोलुखुम्बू । प्रतिकूल मौसमका कारण सोलुखुम्बूको तेन्जिङ हिल्लारी विमानस्थल लुक्लामा २ दिनदेखि जहाज उडान तथा अवतरण ठप्प भएको छ । मौसममा आएको परिवर्तनका कारण सोमबारबाट कुनै पनि जहाजले उडान भर्न नसकेको नेपाल नागरिक उड्डयन प्राधिकरण लुक्लाले जनाएको छ ।

कार्यालयका 'एटिसी अफिसर' विवस दाहालका अनुसार आइतबार ९० वटा उडानमार्फत् करिब ८०० पर्यटक भित्रिएको लुक्लामा त्यसपछि कुनै पनि उडान हुन सकेको छैन । निरन्तर हुस्सुका कारण उडान प्रभावित हुँदा सगरमाथा क्षेत्र भ्रमणमा आउने पर्यटक समस्यामा परेका छन् । 'रामेछापको मन्थलीमा पनि लुक्ला आउने पर्यटकहरू रोकिएका छन्, कतिपय काठमाडौँमा पनि रोकिएको खबर छ । मौसम प्रतिकूल हुनासाथ उडान प्रभावित हुँदा पर्यटक रोकिएका हुन्,' उनले भने ।

**बाँकी पृष्ठ २**

# नेपालद्वारा शान्ति सेनामाथि गरिएको आक्रमणको निन्दा

■ **सौर्य समाचार**

काठमाडौँ । नेपालले शान्ति सैनिकमाथि लेबनानमा भएको आक्रमणको कडा निन्दा गरेको छ । नेपालसहित राष्ट्रसंघीय शान्ति मिसनमा संलग्न ३४ देशले सोमबार संयुक्त विज्ञप्ति जारी गरी इजरायली सेनाबाट भएको आक्रमणको निन्दा गरेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

मंगलबार सामाजिक सञ्जाल एक्समार्फत् मन्त्रालयले शान्ति मिसनमा खटिने सैनिकहरूमाथि इजराइली पक्षले गरेको आक्रमणको कडा निन्दा गर्दै शान्ति स्थापनामा खटिने सैनिकको सुरक्षाको प्रत्याभूति दिलाउन द्वन्द्वरत दुवै पक्षसँग आग्रह गरको छ । यसैगरी, हिंसा र आक्रमणको शृंखला तुरुन्त रोकी उक्त घटनाको विस्तृत छानबिनसहित सुरक्षाको प्रत्याभूति दिलाउनसमेत सम्बद्ध पक्षसँग मन्त्रालयले आग्रह गरेको छ ।

दक्षिणी लेबनानस्थित शान्ति मिसनको आधार शिविरभित्र प्रवेश गरी इजरायली सेनाले गरेको हिजबुल्ला लक्षित आक्रमणमा परी ६ जना शान्ति सैनिक घाइते भएको



अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । यसैबीच, इजरायलले शान्ति सेना हटाउन अनुरोध गरेकामा संयुक्त राष्ट्रसंघले नहटाउने निर्णय गरेको समेत जनाइएको छ ।

संयुक्त राष्ट्रसंघको शान्ति मिसनमा उल्लेख्य संख्यामा सेना खटाई विश्व शान्ति स्थापना अभियानमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको नेपालले संयुक्त राष्ट्रसंघको अनुरोधमा द्वन्द्वग्रस्त मुलुक लेबनानमा पनि आफ्नो सेना खटाएको छ । इजरायली आक्रमणको निन्दा गर्दै संयुक्त हस्ताक्षर गर्ने देशहरूका तर्फबाट संघर्षरत दुवै पक्षलाई युद्धमा अन्तर ाष्ट्रिय कानुन पालना गर्न र शान्ति सुव्यवस्था, अमनचैन कायम राख्न आह्वान गरिएको छ ।

यसरी हस्तक्षर गर्ने देशहरूमा नेपालसहित चीन, फ्रान्स, संयुक्त अधिराज्य बेलायत, बंगलादेश, श्रीलंका, अर्मेनिया, ब्राजिल, अस्ट्रिया, कम्बोडिया, साइप्रस, एलसाल्भाडोर, इस्टोनिया, फिजी, फिनल्यान्ड, घाना, ग्वाटेमाला, हंगेरी, इन्डोनेसिया, इटली, कजाकिस्तान, कोरिया, लातभिया, मलेसिया, माल्टा, मंगोलिया, नेदरल्यान्ड, पोल्यान्ड, कतार, सियरालियोन, स्पेन रहेको बताइएको छ ।

## 'सबै नेपाली सैनिक सुरक्षित'

यसैबीच, संयुक्त राष्ट्रसंघको आह्वानमा शान्ति स्थापनार्थ लेबनानमा खटिएका सम्पूर्ण नेपाली शान्ति सैनिक सुरक्षित रहेका नेपाली सेनाले जनाएको छ । सैनिक प्रवक्ता गौरवकुमार केसीले शान्ति मिसनमा त्यहाँ रहेका नेपाली फौजसँग नियमित सम्पर्क भइरहेको र सम्पूर्ण फौज सुरक्षित रहेको जानकारी दिए ।

**बाँकी पृष्ठ २**

## अदालतको फैसला...

पशुपतिनाथको जग्गा र जग्गामा रहेको सम्पत्ति सेवासँग जोडेर कोहीकसैले पनि गलत ढंगले अतिक्रमण गर्न नपाउने कोषले जनाएको छ। पशुपति क्षेत्र विकास कोष अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था भएकाले विधि, कानुन बमोजिम नै सञ्चालन हुने थापाले बताए । उनले स्थानीय सरकार भएकाले धर्मशाला व्यस्थापनका लागि काठमाडौँ महानगरसँग सहकार्य गरेको जिकिर गरे ।

गौशाला धर्मशालाको मोहीका सम्बन्धमा २०२१ सालको नापीमा गौशाला रहेको र २०४२ मा गाइगोड र धर्मशाला भनेर नापी भएको कोषले जनाएको छ। कोही कसैले कुनै व्यक्ति विशेष वा कुनै निकायलाई अन्यथा लेखिदिएकै भए पनि सोही आधारमा कानुनी हक प्राप्त गरेको मान्न नसकिने कोषको दाबी छ। कोषले आफू मोही हो भने भूमिसुधारको पत्र ल्याउन पनि मारवाडी सेवा समितिलाई चुनौती दिएको छ। २०५८ सालमा गौशाला धर्मशाला शब्द मिलाएर मिल्दोजुल्दो हुने गरी जिल्ला प्रशासन कार्यालयमा मारवाडी सेवा समिति नेपाल नामक संस्था दर्ता गरिएको देखिएको कोषले जिकिर गरेको छ ।

यता, महानगरले धर्मशाला खाली गराउन सहयोग माग्दै लेखेको पत्रप्रति स्थानीय प्रशासन पनि सकारात्मक नभएको बुझिएको छ। काठमाडौँका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले आपसी सहमतिमै विवाद मिलाउन आग्रह गर्दै सुरक्षा दिन नसकिने जवाफ दिएको बताइएको छ । पशुपतिनाथको स्वामित्वमा रहेको गौशाला धर्मशाला २१ वर्षपछि मारवाढी सेवा समितिको चंगुलबाट मुक्त भएको थियो । पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्ले २०६० सालमा पशुपति क्षेत्र विकास कोष र मारवाडी सेवा समितिबीच भएको पशुपति गौशाला धर्मशाला सञ्चालनसम्बन्धी ९ बुँदे सम्झौता गत १७ साउन, २०८० मा खारेज गर्ने निर्णय गरेको थियो । त्यसपछि समितिले दायर गरेको मुद्दामा अदालतले दाबी नपुग्ने फैसला गरेको हो। समितिले 'करार रद्द गर्ने निर्णय बदर गरी यथावत् पुनर्वहाली गरी पाऊँ' भनी जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो ।

त्यसपछि कोषले धर्मशाला सञ्चालन/व्यवस्थापनको जिम्मा महानगरपालिकालाई दिने निर्णय गरी महानगरलाई पत्र लेखेको थियो । कोषको पत्रपछि २३ असोजमा धर्मशाला खाली गराउन पुगेको महानगर प्रहरीको टोलीलाई मारवाडी समितिले अवरोध गरेपछि त्यत्तिकै फर्किएको थियो। दसैँ बिदा सकिएलगत्तै मंगलबार पुनः गएको टोली पनि अवरोधका कारण यत्तिकै फर्किएको हो । अदालतका सूचना अधिकारी मेलिस बाँस्कोटाले समितिले दायर गरेको मुद्दामा दाबी नपुग्ने फैसला भएको बताए। यससँगै कोष र समितिबीच भएको सम्झौता रद्द भई मारवाडी सेवा समितिले २१ वर्षदेखि कब्जा गरेको गौशालास्थित कित्ता नम्बर ८३ को ४ रोपनी १५ आना २ पैसा क्षेत्रफल र सोही स्थानको कित्ता नम्बर ८५ को ४ रोपनी १० आना क्षेत्रफल गरी जम्मा ९ रोपनी ९ आना जग्गा कोषमै फिर्ता भएको सदस्य सचिव डा. मिलनकुमार थापाले जानकारी दिए ।

पशुपतिनाथ अमालकोट कचहरीले मारवाडी सेवा समितिलाई धार्मिक प्रयोजनका लागि उपलब्ध गराउने सम्झौता गरेको थियो । सम्झौतापत्रमा सेवा समितिले वार्षिक ५१ हजार रुपैयाँ तिर्ने, रकम दुवै पक्षको सहमतिमा संशोधन गर्न सकिने र पशुपतिनाथमा छाडिएका साँढेलाई परम्पराअनुसार संरक्षण गर्न सेवा समितिले सहयोग गर्ने उल्लेख थियो । सो जग्गामा मारवाडी सेवा समितिले होटल, लज, रेस्टुरेन्ट, डायलासिस सेन्टर सञ्चालन गरिरहेको थियो । समितिले व्यावसायिक प्रयोजनकै लागि जर्सी गाई पालेर दूध बेच्दै आएको थियो ।

गौशाला धर्मशालामा तला थपेर लज विस्तार गरेको सेवा समितिले १९ वटा सटर मासिक ३५ हजारसम्ममा भाडामा लगाएको थियो । सम्झौतापत्रमा तत्कालीन अमालकोट कचहरीका तर्फबाट द्वारे कृष्णलाल वैद्य र सेवा समितिका तर्फबाट महासचिव शिव भगवान अग्रवालले हस्ताक्षर गरेको कोषले जनाएको छ ।

## बाढीपहिरोसँगै डेंगी...

अधिकांश डेंगी संक्रमितमा सुरुमा 'फेब्राइल फेज' देखिने गर्छ । यसमा मुख्यतयाः टाउको दुख्ने, जिउ दुख्ने, जोर्नी वा मांसपेसी दुख्ने र खाना खान पटक्कै मन नलाग्ने हुन्छ । त्यस्तै, ज्वरो आउने, आँखाको गेडी दुख्ने वा खस्लाजस्तो हुने, शरीरमा ससाना राता बिमिराहरू देखिने, पखाला लाग्नेजस्ता समस्या पनि देखिने गर्छ । कतिपयलाई खोकी पनि लागेको देखिन्छ। तर, खोकी डेंगीको कारणले हो वा फ्लू भाइरसले गर्दा हो भनेर छुट्याउने गरेको भने देखिँदैन । वास्तवमा हाल फ्लूको सिजन पनि हो भने कोभिडको संक्रमण पनि सँगसँगै देखिएको छ । 'फेब्राइल फेज' औसतमा झन्डै ८ देखि १० दिनमा देखिने गर्छ । ज्वरो घटेको २४ देखि ४८ घन्टा बिरामीमा 'जटिल डेंगी' देखिने सक्ने सम्भावना प्रबल रहन्छ ।

### 'जटिल डेंगी'का पूर्वसंकेत

तारन्तार बान्ता हुनु, असाध्य पेट दुख्नु, नाक वा गिजाबाट रगत बग्नु, बेचैनी हुनु वा अत्यन्त कमजोर हुनु आदि। यी लक्षण वा संकेतहरू घरमा संक्रमित भएर बसिरहेको बेला देखिन वा थाहा पाउन सकिन्छ । तसर्थ, यस्ता संकेतहरू देखिए तुरुन्त स्वास्थ्य केन्द्र वा अस्पतालमा जानुपर्छ। अस्पतालमा जाँच गर्दा थप संकेतहरू देखिने गर्छ। परीक्षणबाट कलेजोको आकार बढेको वा सुन्निएको तथा छाती वा पेटमा पानी भए/नभएको थाहा हुन्छ । रगतको जाँच गर्दा प्लेटेलेट्स तीव्र गतिमा घट्नु र हेमाटोकृत बढेको देखन्छ। डेंगीको संक्रमण भएको बिरामीलाई कमजोरी अनुभव हुन्छ। डेंगी लागेपछि रगतमा प्लेटलेट्सको संख्या तीव्र रूपमा घट्न थाल्छ । यस्तो अवस्थामा औषधिका साथसाथै खानपान र सही दिनचर्या आवश्यक हुन्छ ।

सन् २०२२ मा काठमाडौँमा देखिएको डेंगी प्रकोपले सबैभन्दा धेरै मानिसको ज्यान लिएको थियो । यो प्रकोपलाई कोभिड-१९ को घातक लहरहरूभन्दा खासै फरक महसुस नगर्ने वा तुलना गरिएको थियो। काठमाडौँका लागि सन् २०१९ पछिको दोस्रो ठुलो प्रकोप (धेरैलाई अस्पताल आउनुपर्ने बाध्यता गराएको कारण) थियो । अनि नेपालको इतिहासमा नै 'घातक डेंगी' वर्षका रूपमा मैले सन् २०२२ लाई लिएको थिएँ । यसमा विशेषतः ज्येष्ठ नागरिक अनि दीर्घरोगीहरू जस्तै- उच्च रक्तचाप, मधुमेह र स्वासप्रस्वासको संक्रमण भएका व्यक्तिहरू बढी डेंगीको जटिलताबाट मृत्यु भएका थिए । मनसुनको समयमा डेंगी सँगसँगै देखिने अरू संक्रामक रोगहरूले डेंगी लक्षणलाई थप जटिल बनाउन सहयोगी भूमिका खेल्ने विभिन्न अध्ययनले देखाएको छ ।

नेपालमा डेंगी सँगसँगै चिकुनगुनिया भाइरस, स्क्रब टाइफस, फ्लूजस्ता थप संक्रमणहरू फैलने गर्छ । यसर्थ, ज्येष्ठ नागरिक, सहसंक्रमित वा उच्च रक्तचाप, मधुमेह र स्वासप्रस्वास (दीर्घ वा हालै संक्रमित भएको अवस्था) समस्या भएका व्यक्तिहरूले 'जटिल डेंगी' का पूर्वसंकेतलाई कुनैं वा देखिनु नै पर्छ भन्ने छैन । यस्तो अवस्थामा चिकित्सकको निरन्तर सम्पर्कमा रही आफ्नो स्वास्थ अवस्थाका बारेमा जानकारी लिनु अति बुद्धिमानी हुनेछ । डेंगीबाट बच्नु भनेको यस्ता लामखुट्टेको टोकाइबाट बच्नु नै हो। किनभने यसको टोकाइ एवं संक्रमण निकै घातक हुन सक्छ ।

दसैँअघि डेंगीले गति लिँदै गइरहेको अवस्था थियो । दसैँलगत्तै अस्पतालमा जाँदा डेंगी पुष्टि भएका बिरामीहरूको संख्या अझ बढ्दै गइरहेको पाइएको छ। यसबाट दिनमा नै दर्जनौं डेंगी भाइरस पुष्टि हुने क्रमले निरन्तरता पाइरहेको अवस्था देखिन्छ । हुन त काठमाडौँ मात्र नभई देशका विभिन्न ठाउँहरूमा डेंगीले व्यापक प्रभाव पारेको जानकारीहरू आउने क्रम जारी छ। डेंगीको यो रफ्तारमा सम्भवतः तत्काल रोकिने सम्भावना अत्यन्त न्यून देखिन्छ ।

चाखलाग्दो कुरा के छ भने अधिकांश डेंगी संक्रमितहरू लक्षण लिएर घरघरमा बसिरहेको वा कार्यक्षेत्रमा निरन्तर खटिरहेका देखिन्छन् । अझ भनौं धेरै मानिस 'वाकिङ डेंगी'को अवस्थामा रहेको देखिन्छ । 'वाकिङ डेंगी' भन्नाले डेंगी संक्रमित भई निरन्तर आफ्नो दैनिकीलाई निरन्तरता दिइरहेको अवस्थालाई भन्न खोजेको हो । चाडपर्वमा मान्छेहरू यसको लक्षणलाई नजरअन्दाज गर्दै आउजाउ, भेटघाट गरिरहेका छन् । किनभने डेंगीको सामान्य लक्षण आमसमस्यासँग मिल्दोजुल्दो हुन्छ । यस्तो अवस्थामा मान्छेहरू सामान्य समस्या ठानेर आफूखुसी औषधिसमेत खाँदै हिँडडुल गरिरहेका हुन्छन् । जब समस्या जटिल बन्दैन, तबसम्म उनीहरू अस्पताल पुग्दैनन् ।

अधिकांशलाई डेंगीको लक्षण देखिएको ८-१० दिनमा स्वास्थ्यमा सुधारोन्मुख देखिन्छ भने केहीमा डेंगीले जटिल अवस्था सिर्जना गर्न सक्छ । तसर्थ 'जटिल डेंगी' का पूर्वसंकेतहरू संक्रमितले थाहा पाउन अति आवश्यक देखिन्छ र सो देखिए तुरुन्त चिकित्सकसँग सम्पर्क गर्न सक्छन् । हाल डेंगी संक्रमणको लहर रोक्न विभिन्न कारणले गर्दा चुनौती रहे पनि 'जटिल डेंगी' का पूर्वसंकेतलाई ध्यान दिन सक्ने हो भने डेंगीबाट हुन सक्ने मृत्युदरलाई उल्लेखनीय संख्यामा कम गर्न सकिन्छ । हालसम्म रेडियो, टेलिभिजन, पत्रपत्रिका तथा सामाजिक सञ्जालहरूमा डेंगी के हो, कसरी सर्छ र यसका लक्षणहरूका बारेमा जानकारीहरू दिने गरेको देखिए पनि अबको प्रचारप्रसार तथा जानकारीहरू ' जटिल डेंगी' का पूर्वसंकेतका बारेमा केन्द्रित हुनुपर्ने देखिन्छ । यसबाट डेंगीबाट हुने मृत्युदरलाई उल्लेखनीय कम गर्न सकिनेछ। यो नै अहिलेको प्रमुख आवश्यकता र सघन माग पनि हो ।

## लुक्लामा २ दिनदेखि...

उडान प्रभावित भएसँगै पर्यटक लिएर आएका हेलिकोप्टर लुक्लाभन्दा केही तल सुर्केमा अवतरण भइरहेको बताइएको छ । नागरिक उड्डयन प्राधिकरण कार्यालय मन्थलीका प्रमुख हिरोण शाहले लुक्ला जान मन्थली पुगेका करिब १ हजार ३०० जना विदेशी पर्यटक २ दिनदेखि सोही स्थानमा रोकिएको जानकारी दिए। उडान प्रभावित हुँदा रोकिएका पर्यटक सडक मार्गबाट सोलुखुम्बू सदरमुकाम सल्लेरी हुँदै खुम्बू जाने योजनाका साथ अघि बढेको र केही भने हेलिकोप्टरमार्फत् सुर्के गइरहेको उनले बताए ।

मन्थली विमानस्थलमा पर्यटकीय याममा दैनिक ५५ देखि ६० उडान हुने गरेको प्राधिकरणले जनाएको छ। शरद ऋतुमा सगरमाथा आधार शिविर पदयात्राका लागि पर्यटकहरू काठमाडौँ तथा रामेछापको मन्थली विमानस्थल हुँदै त्यहाँ जाने गरेका छन् ।

## नेपालद्वारा शान्ति...

प्रवक्ता केसीले लेबनानको विकसित परिस्थितिका आधारमा संयुक्त राष्ट्रसंघ र मिसन मुख्यालयबाट हुने निर्णय र निर्देशानुसार नेपाली शान्ति सैनिक खटाइने बताए । 'शान्ति मिसन वरपर छिटपुट घटना भएका छन्, यसबाट दैनिकी र कार्यसम्पादनमा असर परिरहेको छ । संयुक्त राष्ट्रसंघको निर्देशन नेपाली शान्ति सेनाले पालना गर्नेछ,' सैनिक प्रवक्ता केसीले भने, । हाल लेबनानमा ८७७ नेपाली शान्ति सैनिक छन् ।

---

**श्री छतिवन सामुदायिक वन उपभोक्ता समूह**
**जानकी गा.पा. ८ र ९ कैलाली**

**काठ लिलाम विक्री सम्बन्धी सूचना**

**सौर्य राष्टिय दैनिकमा प्रथम पटक प्रकाशित मिति : २०८१।६।३०**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन गरी सामुदायिक वन कम्पाउण्डमा घाटगद्धी भएको गोलिया काठ लिलाम प्रक्रिया द्धारा लिलाम बढाबढ गर्नु पर्ने भएको ले घाटगद्धीमा मौज्दात रहेको जात,सिसौ,हल्दु,अस्ना,खयर,गरी ६५५ थानको २९०२।८८ क्यु.फी काठ लाई शिलबन्दी बोलपत्रद्धारा लिलाम विक्री गर्न पर्ने भएकोले सौर्य राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्रमा यस सा.व.उ.स.को कार्यालयबाट बोलपत्र खरिद गरी सिलबन्दी बोलपत्र २२ औं दिनको ३ बजेभित्र यस सा.व.उ.स. को कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको सूचना यस सा.व.उ.स.को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

**अध्यक्ष**
**श्री छतिवन सामुदायिक वन उपभोक्ता समूह**
**जानकी गा.पा. ८ र ९ कैलाली**

---

**यान्त्रिक कार्यालय नुवाकोट**

**बोलपत्र स्वीकृत गर्ने आशयको सुचना**

**मिति:- २०८१/०६/३०**

यस कार्यालयको मिति २०८१/०५/१४, सूचना नं. ०१-०८१/८२(१) को राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार प्राप्त हुन आएका बोलपत्रहरुको मुल्यांकन पश्च्यात तपशिल बमोजिमको न्युम्तम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रहरु स्वीकृत गर्ने आशयको सुचना सार्वजनिक खरिद एन २०६३को दफा २७को उपदफा २ र दफा ४७को प्रयोजनार्थ सम्बन्धित सम्पूर्ण बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

| सि. नं. | ठेक्का नं. | निर्माण कार्यको विवरण | छनौट भएका बोलत्रदाताको नाम र ठेगाना | कबोल अंक पि.एस. र भ्याट समेत ने.रु. |
|---|---|---|---|---|
| 1. | Mechanical/ 337010113/ 081/82-01 | Construction of Consecutive Office Building -2, Nuwakot | Karmasang Nirman Sewa, Bidur-8, Nuwakot | 47,02,660.54 |

**कार्यालय प्रमुख**

---

**एन.एम.बि. सेक्यूरिटीज लिमिटेडको**
**चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८१/०६/३०**

यस एन.एम.बि. सेक्यूरिटीज लिमिटेडको मिति २०८१ साल आश्विन १६ गते बुधवार बसेको संचालक समितिको २९औं बैठकको निर्णयानुसार देहायका विषयमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा कम्पनीको चौथो वार्षिक साधारण सभा बस्ने भएको हुदा कम्पनी ऐन २०६३ को दफा ६७ वमोजिम शेयरधनी महानुभावको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
मिति : बि.सं. २०८१ साल कार्तिक २७ गते मंगलवार (तदनुसार १२ नोभेम्बर २०२४)
समय : दिउसो ३:३० बजे ।
स्थान : एनएमबि भवन, एन.एम.बि. सेक्यूरिटीज लि. रजिष्ट्रार कार्यलय नक्साल-०१, काठमाण्डौं ।

**छलफलका विषयहरु :**
१. संचालक समितिको अध्यक्षबाट पेश हुने आ.व. २०८०/०८१ को संचालक समितिको प्रतिवेदनमा छलफल गरी पारीत गर्ने ।
२. लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व. २०८०/०८१ को नाफा, नोक्सान, हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु स्वीकृत गर्ने ।
३. आ.व. २०८१/०८२ का लागी लेखा परिक्षक नियुक्ति गर्ने र पारिश्रामिक निर्धारण गर्ने ।
४. विविध ।

अध्यक्षको आज्ञाले,
कम्पनी सचिव
एन.एम.बि. सेक्यूरिटीज लि.

---

**ग्रामथान गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मोरङ, कोशी प्रदेश, नेपाल**

**गिटी र बालुवा उत्खनन् संकलन तथा विक्री गर्ने कार्यको E-BID मात्र ठेक्का बन्दोबस्ती सम्बन्धी ३० दिने सुचना**

**प्रथम पटक प्रकाशित मिति: २०८१।०६।३०**

स्थानिय सरकार ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम ग्रामथान गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालयले चुरे तथा वन क्षेत्र बाहेक गिटी र वालुवाको उत्खनन् संकलन तथा विक्री शुल्क अशुली गर्न तपशिल बमोजिमको खोलाहरुबाट तोकिएको परिमाणमा ठेक्का बन्दोबस्त गर्नु परेकाले ईजाजत प्राप्त फर्म वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि,नविकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि,मूल्य अभिबृद्धि कर तथा आ.ब. २०८०/८१ सम्मको कर चुक्ता वा म्याद थपको प्रमाणित प्रतिलिपि प्रमाणपत्र पेश गरी ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र तपशिल शर्तको अधिनमा रही बिधुतिय बोलपत्र आह्वान गरिएको छ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | ठेक्काको नाम | उठाउने क्षेत्र | उत्खनन् योग्य परिमाण (घन मिटर) | न्युनतम ठेक्का अंक रु. (भ्याट बाहेक) | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र जमानत |
|---|---|---|---|---|---|---|---|
| १. | G.R./NCB/ Goods/ 09-081-082 | लोहान्द्रा खोलाको गिटी र वालुवा उत्खनन् संकलन तथा बिक्री कार्य | ग्रामथान गा.पा. लोहन्द्रा खोलाको संयुक्त IEE मा तोकिएका नाकाहरु | गिटी ८५८१.४६ वालुवा २४३०७.११ | गिट्टी २१२१६१९.३६ बालुवा ५१५१०१७.५४ जम्मा ७२७२६३६.९० | ३०००।- | २,०६,०००।- |

- नदीजन्य पदार्थ (ढुङ्गा,गिटी/मिक्स गिटी आदि) को दर प्रति क्यु.फिट (भ्याट बाहेक) रु. ७
- नदीजन्य पदार्थ (बालुवा) को दर प्रति क्यु.फिट(भ्याट बाहेक) रु. ६
- थप जानकारीका लागी https://bolpatra.gov.np/egp, https://gramthanmun.gov.np/

---

**धनपालथान गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सोराभाग, मोरङ**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना**

**(सूचना प्रकाशन मिति २०८१।०६।३०)**

यस धनपालथान गाउँपालिकाको आ.व. २०८१।०८२ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत मिति २०८१।०५।२८ गतेको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित बिधुतिय बोलपत्र आहवानको सूचना अनुसार तपसीलमा उल्लेखित निर्माण कार्यका लागि रित पुर्वक दर्ता हुन आएका बोलपत्रहरु मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही रहेका बोलपत्रहरु मूल्याङ्कन समितिबाट स्वीकृतीको लागि छनौट भई पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना प्रकाशित गरिएको छ।

**तपशील:**

| क्र.सं. | ठे.नं. | कार्यको विवरण | स्वीकृत हुने फर्मको नाम/ठेगाना | कबोल अंक (मू.अ.कर. बाहेक) |
|---|---|---|---|---|
| १ | DPTRM/SBG/NCB/ WORK-०३/ ०८१।०८२ | Supply and Delivery Of Medicine For Basic and Emergency Health service | Dalima Medisales , babarmahal ward no .11 | रु.६,८७,५८७।५० |

**प्रमुख प्रशासकीय अधिकृत**

---

**Qatar/UAE मा रोजगार**

**AL-SAYED CLEANING, MAINTENANCE AND SERVICES CO., QATAR**
पूर्व स्वीकृती मिति: २०८१/६/२३ चलानी नं. ६०२२६५२८ LT.No. 312110

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Gen. Clean. Worker | 15 | 00 | कामामा दक्ष | 1000 | ३६,९००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Labourer | 25 | 00 | | 1000 | ३६,९००।- | | | | | | | |
| ३. | Labourer Services | 10 | 00 | | 1000 | ३६,९००।- | | | | | | | |

**DOHA GALVANIZING, QATAR** पूर्व स्वीकृती मिति: २०८१/६/२९ चलानी नं. ६०२२६५४६ LT.No. 312159

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Labourer | 5 | काममा दक्ष | 1000 | ३६,९००।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ बर्ष |

**CAT INTERNATIONAL LIMITED ABU DHABI, UAE**
पूर्व स्वीकृती मिति: २०८१/६/२० चलानी नं. ६०२२६३०५ LT.No. 311855

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Civil Labor | 100 | काममा दक्ष | 800 | २९,३३०।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | १०,०००।- |

**अन्तरवार्ता २०८१ कार्तिक ७ गते (23 Oct., 2024) यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।**

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

AAROHI HR Solutions Pvt. Ltd.
Govt. Lic. No: 1244/074/075
ISO 9001:2015 certified

**आरोही एच.आर. सोलुसन्स् प्रा.लि.**
Kathmandu Metropolitan-3, Basundhara Kathmandu Nepal
www.aarohihrsolutions.com info@aarohihrsolutions.com
01-4961807, 4962925 9802067941, 9801081902

# साहसिक पदयात्राका लागि थोराङ्ला पास



■ सौर्य समाचार

म्याग्दी । शरद यामको सुरुआत र मनसुन निष्क्रिय हुँदै गएपछि खुल्न थालेको आकाश । अग्ला र नांगा डाँडाको पृष्ठभूमिमा जता हेरे पनि देखिने हिमशृंखला । हिमाली बुकीको चरन खर्कबाट बेसी झर्दै गरेका चौरी, याक, भेडाच्यांग्रा र घोडाका बथान ।

विविधतायुक्त भूगोल, संस्कृति, प्रकृतिको संगम र साहसिक मानिने थोराङ्ला भञ्ज्याङको पदयात्राको आकर्षण हो । थोराङ्ला भञ्ज्याङ समुन्द्री सतहदेखि ५ हजार ४१६ मिटर उचाइमा छ । गण्डकी प्रदेशको लमजुङ, मनाङ, मुस्ताङ, म्याग्दी र कास्की जिल्ला समेटिएको अन्नपूर्ण चक्रीय पदमार्गको सबैभन्दा उच्च स्थानमा रहेकाले थोराङ्लालाई साहासिक गन्तव्यका रूपमा लिइन्छ ।

शरद यामको सुरुआतसँगै मनाङदेखि थोराङ्ला भञ्ज्याङ पार गरेर मुस्ताङतर्फ जाने आन्तरिक तथा बाह्य पर्यटकहरूको चहलपहल बढेको उपल्लो मनाङका होटल व्यवसायीसमेत रहेका जिल्ला समन्वय समिति मनाङका सदस्य घ्याचो गुरुङले बताए ।

'थोराङ्ला र तिलिचो ताल घुम्न आउने मुख्य याम शरद र वसन्त नै हो', उनले भने, 'पहिले पथप्रदर्शक र भरियाबाहेक अधिकांश विदेशी पर्यटक मात्र आउने थोराङ्ला पदयात्रा पछिल्लो समय नेपालीहरूको पनि रोजाइमा परेको छ ।' थोरङ्ला भनेको तिब्बती भाषामा पास हो । शाब्दिक रूपमा यात्राको उच्च बिन्दु हो ।

दसैँतिहारको बिदामा थोराङ्ला र तिलिचो घुम्नका लागि देशका विभिन्न ठाउँबाट कर्मचारी, व्यापारी, विद्यार्थीहरूको टोली आउने क्रम बढेको गुरुङले बताए । सडक यातायात, आवास तथा होटलको व्यवस्था, पदमार्गको स्तरोन्नति, सञ्चार सुविधा विस्तार, डिजिटल मार्केटिङ र भ्रमणसम्बन्धी अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले घुम्नैपर्ने गन्तव्यमा सूचीकृत गरेका कारण अन्नपूर्ण चक्रीय पदमार्गमा पर्यटकको आकर्षण बढेको हो ।

मनाङदेखि थोराङ्ला हुँदै मुस्ताङ भ्रमण गरेर फर्किएकी काठमाडौँकी जुली श्रेष्ठले मनमोहक हिमशृंखला, विविधतायुक्त भूगोल, संस्कृति, रहनहसन, धार्मिक तथा वस्तुकला अवलोकन गर्न पाउँदा रमाइलो महसुस भएको अनुभव सुनाइन् । यात्रामा अन्नपूर्ण प्रथम द्वितीय र चौथो धवलागिरिको साथै माछापुच्छ्रे, मनास्लु गंगापूर्ण तिलिचो चुचुरो अन्य हिमाल देख्न सकिन्छ । 'तिलिचो यात्रा हुँदै थोरङ्ला पास गरेर मुक्तिनाथ झर्नु साहसिक यात्रा हो', श्रेष्ठले भने, 'अन्नपूर्ण सर्किटमा थोरङला सबैभन्दा उच्च स्थान भएकाले जोखिमपूर्ण पनि छ ।' चामेदेखि ५ दिनको यात्रा गरेर थोराङ्ला हुँदै मुस्ताङको मुक्तिनाथ झर्न सकिन्छ । लामो अवधिको पदयात्रा गर्न चाहनेले लमजुङको बेशीसहरदेखि नै यात्रा सुरु गर्न सक्छन् ।

धेरैजसो पदयात्रीहरू गाडीबाट चामे पुगेर त्यहाँदेखि हिँड्ने गर्छन् । चामेबाट अपर पिसाङ र मनाङमा बास बस्ने गर्छन् । यहाँ बास बरेर पदयात्रीहरूले शरीरलाईत्यहाँको वातावरणसँग अनुकूलता मिलाउन सकिन्छ।माथिल्लो मनाङदेखि करिब ४ घण्टाको पैदलयात्रा गरेर ४ हजार ३६ मिटर उचाइको याकखर्क पुगिन्छ । छिनछिनमाबादल र घाम लाग्ने याकखर्कमा चौरीगाईको खर्क छन् । यहाँ इन्टरनेट सुविधा भएका होटल र लज पनि छन् । याकखर्कदेखि ७ दशमलव ३ किलोमिटर यात्रा गरेपछि समुन्द्री सतहदेखि ४ हजार ४५० मिटर उचाइमा रहेको थोराङ्ला फेदीमा पुगिन्छ । थोराङ्ला फेदीदेखि ४ देखि ५ घण्टा यात्रा गरेपछि ४ हजार ८०६ मिटर उचाइको थोराङ्ला हाइक्यापमा पुगिन्छ । होटलहरूको सुविधा भएको हाइक्यापमा बास बसेका पर्यटकहरू बिहान उज्यालो नहुँदै थोराङ्लातर्फको यात्रामा निस्कन्छन् । दिउँसो हावाहुरी चल्ने र मौसम खराब हुने भएकाले बिहानै थोराङ्ला पुग्नका लागि राति नै यात्रा गर्नुपर्ने पथप्रदर्शक सन्देश अधिकारीले बताए । हाइक्याम्पदेखि थोराङ्ला हुँदै करिब १३ घण्टाको यात्रा गरेपछि ३ हजार ७६२ मिटर उचाइमा अवस्थित मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ मा रहेको हिन्दू तथा वौद्ध धर्मावलम्बीहरूको साझा तीर्थस्थल मुक्तिनाथमा पुगिन्छ । सन् १९७० मा पदयात्राका लागि खुल्ला गरिएको थोराङ्लामा पछिल्लो समय विदेशीसँगै नेपाली पर्यटकहरू पनि आकर्षित भएका अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)को जोमसोमस्थित कार्यालयका प्रमुख प्रमोदराज रेग्मीले बताए ।

उनका अनुसार आर्थिक वर्ष २०८०/०८१ मा १३ हजार ९१० जना विदेशी पर्यटकले थोराङ्ला पास गरेर मनाङ हुँदै मुस्ताङ आएका थिए । उक्त आर्थिक वर्षको साउनदेखि असोजसम्म २ हजार २४२ जनाले थोराङ्ला पार गरेका थिए । चालु आर्थिक वर्षको असोज तेस्रो हप्तासम्म थोराङ्ला पार गरेर मुस्ताङ आउने पर्यटकको संख्या १ हजार ७८१ जना रहेको एक्याप जोमसोमका प्रमुख रेग्मीले बताए ।

अन्य ठाउँमा सडकका कारण पदमार्गहरू विस्थापित भए पनि थोराङ्लामा सडक पुग्ने सम्भावना नरहेकाले यसको दीर्घकालीन पर्यटकीय सम्भावना रहेको वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिनजिन नामग्याल गुरुङको भनाइ छ । गाउँपालिका र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले थोराङ्लादेखि मुक्तिनाथ झर्ने मुस्ताङ तर्फको पदमार्ग स्तरोन्नति गरिरहेको उनले बताए ।

# घोडाघोडीमा आन्तरिक पर्यटकको चहलपहल बढ्यो



■ सौर्य समाचार

घोडाघोडी । विश्व रामसार क्षेत्रमा सूचीकृत कैलालीको घोडाघोडी तालमा पर्यटकको चहलपहल बढेको छ । घोडाघोडी सामुदायिक वनका अध्यक्ष दीपकबहादुर शाहले दसैँदेखि पर्यटकको चहलपहल धेरै बढेको बताए । घोडाघोडी ताल क्षेत्रमा पर्यटकलाई प्रवेश गर्नका लागि १० रुपैयाँ तिर्नुपर्छ । टिकट काट्नका लागि पनि दसैँको दिन त हम्मेहम्मे परेको जनाउँदै उनले दैनिक पछिल्लो समय आन्तरिक पर्यटक संख्या वृद्धि भइराखेको बताए ।

पर्यटकको चहलपहल बढेसँगै 'फोटोग्राफर'ले पनि राम्रो आम्दानी गर्न थालेका छन् । घोडाघोडीमा फोटोग्राफर २५ भन्दाबढी छन् । दसैँभन्दा अगाडि दिनमा १ हजारदेखि १ हजार ५०० सम्म आम्दानी हुने गरेको बताउँदै फोटोग्राफर लक्ष्मण सुनारले भने, 'दसैँको दिनदेखि ह्वात्तै पर्यटक बढेका छन् । दिनको ५ हजारसम्म आम्दानी हुने गरेको छ ।'

आन्तरिक पर्यटकको चहलपहल बढेसँगै घोडाघोडीका होटेल व्यवसाय पनि फस्टाएका छन् । घुम्न आउने पर्यटकले खाजा खाँदा व्यापार व्यवसायमा वृद्धि भएको होटेल व्यवसायी राजु अवस्थीले बताए । उनले भने, 'चाडपर्वको समयमा मात्रै नभई अन्य समयमा पनि घोडाघोडीमा पर्यटक आइरने वातावरण बनाउनसके हामीलाई आम्दानीको दिगो स्रोत बन्न सक्थ्यो ।'

घोडाघोडी तालसँगै जोडिएको ओजुवातालले पनि पर्यटकलाई आकर्षित गरेको छ । घोडाघोडी तालको छेउ हुँदै सहायकर्तालअन्तर्गत रहेको ओजुवातालसम्म पर्यटक पुग्ने गर्दछन् । दसैँमा लामो समयसम्म बिदा पनि हुने र अहिलेको मौसम पनि घुम्नका लागि उपयुक्त रहेकाले यो समयमा पर्यटक घोडाघोडीमा घुम्न आउने गरेको पर्यटन व्यवसायी डबल शाह बताउँछन् ।

उनका अनुसार पहिलेभन्दा अहिले घोडाघोडी क्षेत्र व्यवस्थित हुँदै गएको छ । पर्यटकका लागि पैदलमार्ग स्थापना भएका छन् । घोड सवारसँगै ढुंगामा सयर गर्न पनि पाइन्छ त्यसैले पनि पर्यटकको संख्यामा वृद्धि हुँदै गएको छ ।

पूर्व-पश्चिम राजमार्गको छेउमा रहेको घोडाघोडी ताल क्षेत्र दुर्लभ चराचुरुंगीले विचरण गर्ने शान्त र सुरक्षित बासस्थान हो । विश्व जलचर इतिहासमा संकटापन्न दर्जनौँ जातका रैथाने माछाका प्रजाति, पुतली तथा अन्य दुर्लभ चराचुरुंगीको संरक्षणका कारण यो ताल सन् २००३ मा विश्वरामसार सूचीमा सूचीकृत भएको थियो ।


## नुम्बुर हिमालय हाइड्रोपावर लि.

नक्साल, काठमाडौं । फोन नं. ०१ ४५१४६५१

**को**

**वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना**

(दोस्रो पटक प्रकाशित मिति २०८१/०६/३०)

यस कम्पनीको मिति २०८१।०६।१४ गते वसेको संचालक समितिको बैठकले यस कम्पनीको चौथो वार्षिक साधारण सभा निम्न लिखित मिति समय र स्थानमा वसि देहायका प्रस्तावउपर छलफल गरि पारित गर्ने निर्णय गरेको हुँदा यस सभामा उपस्थिति हुन सम्पुर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभा हुने मिति स्थान र समयः**

मितिः २०८१ साल कार्तिक ७ गते बुधबार।
स्थानः कम्पनीको रजिष्टर्ड कार्यालय नक्साल, काठमाडौं।
समयः विहान ११:०० बजे।

**निर्णयको लागी साधारण सभामा पेश गरिने प्रस्तावहरुः**

**क) सामान्य प्रस्तावहरुः**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८०/८१ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
(२) लेखापरिक्षकको प्रतिबेदन सहितको आर्थिक वर्ष २०८०/८१ को वासलात र सोहि अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायतका संलग्न अनुसूची उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा।

**ख) विशेष प्रस्तावहरुः**

१) प्राथामिक वा प्रारम्भिक शेयर (IPO) सार्वजनिक निष्कासन गर्ने।
२) प्राथमिक वा प्रारम्भिक शेयर (IPO) सार्वजनिक निष्कासन सम्बन्धमा नियमनकारी निकाय वा कार्यालयमा वा अन्य सम्बन्धित कार्यालयमा गर्नुपर्ने सम्पूर्ण कार्य गर्न वा नियमनकारी निकाय वा कार्यालय वा अन्य सम्बन्धित निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम प्रबन्धपत्र वा नियमावली सशोधन एवं परिमार्जन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने।
३) प्रवन्धपत्र/नियमावलीमा प्रिमियम मूल्यको शेयर जारी गर्न सक्ने ब्यवस्था थप गर्ने।
४) विविध।

***नोटः*- *साधारण सभामा उपस्थित हुन आउँदा आफ्नो परिचय खुल्ने आधिकारिक निस्सा सहित स्वयं उपस्थित हुनु हुन वा स्वयं उपस्थित हुन नसकेमा कुनै शेयरधनीलाई नियमानुसारको प्रोक्सि दिई साधारण सभा हुनु भन्दा ४८ घण्टा अगाडि कम्पनीको कार्यालयमा दर्ता गराई प्रतिनिधित्व गर्नु हुन अनुरोध छ।***

**संचालक समितिको निर्णय अनुसार**
**अध्यक्ष**



**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport (MoPIT)**
**Department of Roads (DoR)**
**Federal Road Supervision and Monitoring Office, Surkhet (FRSMO Surkhet)**

## Road Division Chaurjahari, Rukum West

## Invitation for Bids (IFB)

**IFB/Notice No: 03-081/82**
**Date of Publication: 2081/06/30 (2024/10/16)**

1. Road Division, Chaurjahari invites Single Stage Single Envelope (1S1E) Bidding procedure of e-bids from eligible bidders for the following works:

| S.N. | Contract No. | Description and Location of Works | Estimated Amount (Including VAT and PS) (NRs.) | Bid Security Amount (NRs.) | Non-Refundable Bid Document Fee (NRs.) | Bid Validity Period/ Bid security period (After Bid opening date) |
|---|---|---|---|---|---|---|
| 1. | IFB03/ RDCJI/33701169 / NCB/081/82-14 | Roadway Excavation and Gabion Works on Kagkot-Seri Dadagau-Lashicap-Mukot Chharka Mustang Road, Dolpa District | 9,651,012.00 | 214,000/- | 3,000/- | 90/120 days |
| 2. | IFB03/ RDCJI/33701141/ NCB/081/82-15 | Roadway Excavation and Gabion Works on Manang-Mustang-Dolpa Road (Kagkot-Seri Dadagau-Lashicap-Mukot Chharka Mustang Road), Dolpa District | 7,236,140.00 | 200,000/- | 3,000/- | 90/120 days |
| 3. | IFB03/ RDCJI/33701169/ NCB/081/82-16 | Roadway Excavation and Gabion Works along Chudhar-Patihalna-Buntigra Sadak, Tripurasunadari-7,8,Dolpa District | 9,650,799.00 | 214,000/- | 3,000/- | 90/120 days |
| 4 | IFB03/ RDCJI/33701169/ NCB/081/82-17 | Roadway Excavation and Gabion Works along Kaigaun - Sim Lagna - Kuchhe Tuldhara Road, Jagdulla 1,2,3, Dolpa District | 9,652,028.00 | 214,000/- | 3,000/- | 90/120 days |
| 5 | IFB03/ RDCJI/33701169/ NCB/081/82-18 | Roadway Excavation and Gabion Works along Sarmi-Okta-Horta-BaluLekh Sadak,Mudkechula-7,8,9, Dolpa District | 9,652,284.00 | 214,000/- | 3,000/- | 90/120 days |
| 6 | IFB03/ RDCJI/33701169/ NCB/081/82-19 | Roadway Excavation and Gabion Works along RupGaon-Tallipulla-Balluduska-Lamabagar Road, Tripurasundari-2, Dolpa District | 9,652,031.00 | 214,000/- | 3,000/- | 90/120 days |

| | | | |
|---|---|---|---|
| Last date and time of purchase of Bid Document | 2081/08/02 B.S. (2024/11/17 A.D.) up to 10:00 AM | Last date, time and place of bid submission: | 2081/08/02 B.S. (2024/11/17 A.D.) up to 12:00 noon |
| Date, time and place of Bid Opening | 2081/08/02 B.S. (2024/11/17 A.D.) at 13:00 noon | Date, time and place of Pre-Bid Meeting | Not Applicable |

2. Please refer to the complete set of bidding documents through e-procurement section of PPMO's Website www.bolpatra.gov.np/egp. For further information about invitation of bids, purchase of bidding document, submission & opening of bids, etc. contact to Road Division, Chaurjahari
3. **The bidders are informed that license renewal is mandatory to participate in bidding process.**
4. Bidders are advised to visit the site and assess the actual site conditions before submitting their bid.
5. The Employer reserves the right to accept or reject wholly or partly any or all the bids without assigning any reasons, whatsoever.

**Division Chief**

सौर्य दैनिक
SOURYA NATIONAL DAILY

## सम्पादकीय

# एमालेले चन्दा लियो कि, घुस ?

यस वर्षको बडादसैँ नेकपा एमालेका लागि आर्थिकदृष्टिले निकै नै फलिफापपूर्ण भएको छ । सत्ताको नेतृत्व गरेको नेकपा एमालेले चर्चित व्यवसायी मीनबहादुर गुरुङबाट करिव ८० करोड रुपैयाँ मूल्य बराबरको करिब ११ रोपनी जग्गा दान पाएको छ । साथै उक्त जग्गामा पार्टीका लागि करिब ३० करोड रुपैयाँ खर्च गरेर विल्डिङ बनाइदिने प्रतिवद्धता पनि व्यवसायी गुरुङबाट एमालेले प्राप्त गरेको छ । नेपालको इतिहासमा एक व्यक्तिले यति ठूलो दान गरेको सायद पहिलो रेकर्ड भएको जानिफकारहरू बताउँछन् । साथै नेपालको इतिहासमा यति ठूलो दान पाउने संस्था पनि नेकपा एमाले नै हो । नेपालका कुनै पनि राजनीतिकदलहरूले घोषित रूपमा यति ठूलो दान पाएको रेकर्ड अहिलेसम्म छैन । हुन त नेपालका अन्य व्यवसायीका तुलनामा गुरुङ निकै ठूलो छाती भएका दानी मानिन्छन् । उनले दुःख पाएका तथा संभावना बोकेका धेरै व्यक्तिलाई दान गरेका छन् । धेरै सामाजिक संघसंस्थालाई दान गरेका छन् । तर, नेकपा एमालेलाई उनले किन यति ठूलो दान गरे ? नेकपा एमालेले यो दान किन लियो ? भन्ने प्रश्न उठेको छ । डा.भगवान् कोइरालाले आरम्भ गरेको बालअस्पताल निर्माणका लागि केही महिना अघि ४१ करोड रुपैयाँ दान गरेर प्रसस्ती कमाएका गुरुङले यसपटक एमालेलाई करिब १ अर्ब रुपैयाँको सम्पत्ति दान गर्दा अझ ठूलो प्रसस्ती कमाउनुपर्ने थियो, तर आलोचना भएको छ । धेरैले यसलाई दानको रूपमा नभएर घुसको रूपमा हेरेका छन् ।

व्यवसायी गुरुङ र प्रधानमन्त्रीसमेत रहेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच दान लेनदेन भएको हो वा घुस लेनदेन भएको हो ? भन्ने प्रश्न उठ्नुका पछाडिको मुख्य कारण व्यवसायी गुरुङको विवादास्पद छवी हो । पहिलो कुरा त व्यवसायी गुरुङ बालुवाटार जग्गा प्रकरण, राजस्वछलीलगायत कैयौँ मुद्दाका अभियुक्त हुन् । सरकार स्वयंले उनीमाथि यस्ता अभियोग लगाउँदै अदालतमा मुद्दा दायर गरिसकेको छ । बदमासीका थप प्रमाण जुटाउने काम राज्य संयन्त्रद्वारा अहिले पनि जारी छ । त्यसैले प्रधानमन्त्रीसमेत रहेका ओलीले राज्यकै अभियुक्तबाट यति ठूलो सम्पत्ति लिनु दान हो वा घुस ? भन्ने प्रश्न उठेको हो । सरसर्ती हेर्दा प्रधानमन्त्री ओलीले अभियुक्त गुरुङसँग आफ्ना लागि व्यक्तिगत रूपमा यो सम्पत्ति लिएका होइनन्, पार्टी अध्यक्षका नाताले नेकपा एमालेका लागि लिएका हुन् । तर, अभियुक्त गुरुङले सरकारको नेतृत्व गरेको पार्टी एमालेलाई यति ठूलो दान किन दिए ? यो प्रकरणमा कहीँ कतै न्यायको खरिद बिक्री त हुन लागेको होइन ? भन्ने प्रश्न उठेको छ । यसैगरी राजनीतिकदलहरूले के कस्तो चन्दा लिन हुने वा नहुने ? भन्ने आचारसंहिता पनि छ । तर, निर्वाचन आयोगले यो विषयमा अहिलेसम्म बोल्ने आँट गरेको छैन, किनकी प्रधानमन्त्रीकै तहबाट पार्टीका नाममा चन्दाको लेनदेन भएकोले निर्वाचन आयोगसमेत डराएको छ ।

सबैभन्दा ठूलो पार्टी नेपाली कांग्रेस ओलीकै मातहतमा सरकारमा सामेल छ । संवैधानिक अंगहरूमा ओलीले अघिल्लोपटक प्रधानमन्त्री हुँदा नै आफ्ना झण्डे कार्यकर्ताहरू पजनी गरिसकेका थिए । न्यायाधीश नियुक्ति प्रक्रिया के कस्तो हुन्छ भन्ने कुरा जगजाहेर छ । त्यसैले मिडिया र नागरिक समाजबाहेक प्रधानमन्त्री ओलीका क्रियाकलापमाथि खबरदारी गर्नसक्ने निकाय देशमा करिबकरिब छैनन् । सरकारका अभियुक्त गुरुङ र प्रधानमन्त्री ओलीबीचको निकै ठूलो परिमाणको यो आर्थिक लेनदेन यस्तो बेला बाहिर ल्याइएको थियो, जुनबेला आमनेपाली बडादसैँ मनाइरहेका थिए । मिडियाकर्मीले समेत आफ्नो कलम बिसाएर दसैँ मनाउने मौका पारेर गरिएको आर्थिक लेनदेनभित्र ठूलै रहस्य लुकेको अनुमान गरिनु स्वभाविकै हो । राजनीतिक दलहरूले ब्यापारीसँग चन्दा लिने घटना नयाँ होइन । सांसद तथा राजनीतिक नियुक्तिका पदहरूसमेत किनबेच हुने गरेका घटना पनि नयाँ होइनन्, तर यसरी खुलेआम आर्थिक लेनदेन भएको घटना भने सायद पहिलो हो । राजनीतिकदलले गर्ने आम्दानी र खर्च पारदर्शी बनाउनुपर्ने कानुन छ, तर कार्यान्वयन हुन सकेको छैन । जबसम्म कानुनद्वारा नै चन्दा लिन नपाउने व्यवस्था हुँदैन तबसम्म यस्ता विकृतिहरूले निरन्तरता पाउँछन् । त्यसैले सभ्य देशहरूले राजनीतिकदलका लागि राज्यद्वारा नै बजेट प्रदान गर्ने र दलहरूले गर्ने खर्चको लेखा राज्यले नै राख्ने गरी कानुन बनाएका छन् । नेपालमा पनि यस्तो कानुन जरुरी देखियो । होइन भने दलहरू कालाव्यापारीको कब्जामा पुग्ने संभावना बढ्ने देखियो । दलहरू कालाब्यापारीको कब्जामा पुग्ने अवस्था भनेको बहुददलीय व्यवस्थाको लागि त अभिशाप हुँदै हो, देशकै लागिसमेत खतरा हो ।

## असोज ३० गतेको राशिफल

| | |
|---|---|
| मेष | शारीरीक कष्ट । |
| वृष | मिष्ठान भोजन । |
| मिथुन | सरकारी काममा लाभ । |
| कर्कट | राज्यवाट अवरोध । |
| सिंह | मानसिक चिन्ता । |
| कन्या | वाहन सुख । |
| तुला | गृहादी सुख । |
| वृश्चिक | धन हानि । |
| धनु | अपमान । |
| मकर | शत्रु परास्त । |
| कुम्भ | रोगले सताउने । |
| मीन | सुख प्राप्त । |



ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७१८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya

# प्राडा सुरेन्द्र केसीको बौद्धिक समीक्षण



प्राडा बद्रीविशाल पोखरेल

"कतिपयचाहिँ दन्तबजान गर्नकै लागि मिडियामा आइरहेको देखिन्छ । देश र जनतामा चरम निराशा फैलाउन आतुर र व्यग्र देखिन्छन् । टीके प्रधानमन्त्री बनाउन अपहत्ते गर्ने कथित प्राडा नामका दुई सिङे वकिलको अझै मति बुद्धि आएको देखिन्न । अर्का नेपाल थरि मुखमा आएजति बोल्न कत्ति पनि लाज सरम नमान्ने पनि कथित विश्लेषक पनि देखिन्छन् । अर्काथरि दीक्षित र दाहालले पनि मिडियामा बारबार अमर्यादित बेतुकी रूपमा थुतुनो बजाइरहेको देखिन्छ

जननेता मदन भण्डारीको विद्यार्थी कालमा नै बनारसमा पूर्ण प्रकाश नेपाल यात्रीसित भेट भएको थियो । त्यसबेला भण्डारीले नेपाललाई समीक्षा र समालोचनाको अंश होइन समग्रताको अर्थ सन्दर्भ र व्याख्या गर्नुभएको थियो । भण्डारीका अनुसार जीवन जगत्कै विवेचना विश्लेषण गर्नु समीक्षा हो । त्यसैले अहिले म प्रसिद्ध राजनीतिक विश्लेषक प्राडा सुरेन्द्र केसीको सांगोपांग समीक्षामा यो लेख केन्द्रित रहेको छ ।

प्रसिद्ध लेखक तथा विश्लेषकहरू सौरभ, प्राडा भाष्करदत्त पन्त, पी खरेललगायत विश्लेषकहरू मिहिनेतपूर्वक समसामयिक राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा व्याख्यान गरिरहनुहुन्छ । तर, कतिपयचाहिँ दन्तबजान गर्नकै लागि मिडियामा आइरहेको देखिन्छ । देश र जनतामा चरम निराशा फैलाउन आतुर र व्यग्र देखिन्छन् । टीके प्रधानमन्त्री बनाउन अपहत्ते गर्ने कथित प्राड. नामका दुई सिङे वकिलको अझै मति बुद्धि आएको देखिन्न । अर्का नेपाल थरि मुखमा आएजति बोल्न कत्ति पनि लाजसरम नमान्ने पनि कथित विश्लेषक पनि देखिन्छन् । अर्काथरि दीक्षित र दाहालले पनि मिडियामा बारबार अमर्यादित बेतुकी रूपमा थुतुनो बजाइरहेको देखिन्छ ।

यतिका व्यक्तिले आफूले बोलेका कुरा पानीका फोका झैँ छिनछिनमा फुट्ने विश्लेषणका नाममा बोलेर के हुन्छ । तर, अहिले विश्लेषककै लहरमा देखापर्नु भएका प्राडा केसी अहिले यस लेखको केन्द्रमा हुनुहुन्छ । उहाँको समीक्षा निर्मम हुनसक्छ । किनभने सिकारु, सिर्जनशील र ज्येष्ठ र श्रेष्ठ भएका र भनिएकाहरूलाई समान ढंगको समीक्षा हुनसक्तैन र हुनुहुँदैन ।

केसीजी मिडियामा छाइरहनुहुन्छ । राष्ट्रिय स्तरका समसामयिक विषयमा बारबार विश्लेषण गर्नुहुन्छ । अनेक विषयका बारेको सूचना पनि उहाँबाट थाहा हुन्छ । केसीका जे जति सकारात्मक विश्लेषण छन् तिनको प्रशंसा नै गर्नुपर्छ र गरिन्छ तर उहाँका कतिपय विश्लेषण विषय, व्यक्ति र सन्दर्भ भने अत्यन्त हल्का देखिन्छन् ।

यसै क्रममा उहाँले केही दिनअघि दसैँ विषयमा व्यक्त गरेका विचार उहाँको इतिहास र संस्कृतिको औपचारिक ज्ञान अनुकूल नभएको स्पष्ट भयो । मेरो अध्ययन र खोज अनुसार नेपालीको यो चाडको नाम विजया र बडा होइन, दसैँ मात्र हो । यस चाडको प्रारम्भ कृषियुगको आरम्भसँगै भएको प्रमाण जौबाट थाहा हुन्छ । जौलाई आदि अन्न भनिन्छ । ओडार र झुप्रामा बस्ने हाम्रा पुर्खाले चराचुरुंगीले बिस्ट्याएर उम्रिएको र फलेको जौ चिने र चाखे । अनि यसको आफ्ना वरपरको जमिनमा रोपर परीक्षण गरे । रोपेको जौ उम्रियो र लहलह भयो । यस खुसियालीमा तिनले जौ शीरमा र कानमा सिउरिए ।

न्वागी खानेजस्ता पर्वले कृषिजन्य अनेक चाडलाई प्रमाणित गर्छन् । कृषिलगायत श्रमले थाकेर र गलेर माटो भएपछि पुनर्ताजगी प्राप्त गर्न यस्ता चाडबाड सुरु गरिएका हुन् । शारीरिक पुनर्ताजगीका लागि पोषिलो कुरा खाने र आराम गर्ने अनि मानसिक थकान हटाउन नाचगान र रामरमितो गर्ने सन्दर्भमा प्रायः चाडहरू आरम्भ भएका हुन् । तर, त्यतिबेला दसैँ नामकरण भएको थिएन । दसैँ महिषासुर बधसित पनि जोडिएको देखिन्छ । देव र दानव दलको चर्चा रहेको छ । दिति र अदितिजस्ता एउटै दिदीबहिनीका सन्तानलाई दानव र देव भन्ने कुरा नै समीक्षाको विषय हो ।

दसैँको नामकरणचाहिँ राम र रावण युद्धकालदेखि सुरु भएको मान्ने आधार पर्याप्त छन् । युद्ध भन्दाअघि १० दिनसम्म शक्ति स्वरूपा आदि माता देवी भगवती र हात हतियारको पनि पूजाआजा, आराधना र न्यास ध्यान गरेर रावण बध गर्ने अभियान आरम्भ गरेको र यसमा विजय प्राप्त गरेको अर्थ र सन्दर्भसित दसैँ नामकरण प्रमाणित हुन्छ । पूजा, पाठ, न्यास, ध्यान मनोबल उच्च बनाउने सन्दर्भसित सन्निकट छ । युद्धमा हातहतियार अपिहार्य हुन्छ, तर उच्च मनोबल पनि उत्तिकै अपरिहार्य हुन्छ । कमजोर मनोबल भए पनि शक्तिशाली र धारिलो हतियार मात्र कामयाव हुँदैन । तपाईं त दसैँलगायत चाडबाडसम्बन्धी यथार्थ सत्य कुरा आफ्नै अग्रज वा गुरुले नबताएकामा कटाक्ष गर्दै हुनुहुन्थ्यो । गुरुको पनि गुरु पुस्तक हुन नि होइन ? गुरुले पनि पढेर र सोधखोज गरेर नै ज्ञान प्राप्त गर्ने हो नि ।

एकातिर दसैँजस्ता चाडपर्वहरूलाई अझै पनि एक जात, धर्म र नश्लकरण गरिएको छ । यसमा हामी अलिअलि जानेबुझेका र बुझ्न सक्ने क्षमताका हामी सत्य, तथ्य नबताउने चुप लागेर बस्ने, तर समाजमा जात, जाति र सम्प्रदायका बीचमा अज्ञानताका कारण आपसी वैरभाव व्यापक हुने कुरा पटक्क मेल खाएन । अहिले पनि रावणलाई अनार्य, आदिवासी र जनजाति भनेर अपव्याख्या गरिएको देखिन्छ । जबकी रावणलाई ब्रम्हाजीको मानस पुत्र भनिन्छ र उनी पुलस्त्य मुनिका छोरा हुन् र उनका १० मुख वा १० प्रतिभा र क्षमता थिए । रावण त रामभन्दा विद्वान थिए । त्यसैले विगत कालमा विजयादशमी भनिए पनि फेरिएको अहिलेको परिस्थितिमा विजयादशमी भन्न मिल्दैन ।

विजया भन्ने हो भने काम, क्रोध, लोभ, मोह, इर्ष्या द्वेषजस्ता कुप्रवृत्तिजस्ता अमानवीय प्रवृत्ति उपर विजय हासिल गर्ने सन्दर्भमा भन्न मिल्छ । अज्ञानीसित रिसाउनु हुँदैन । त्यसैले दसैँलगायत चाडवाडमा विद्यमान एक जात, धर्म र संस्कृतीकरणलाई सचेततापूर्वक हामीले हटाउन थाल्नुपर्छ । त्यसैले आजको र अबको सन्दर्भमा विजयादशमी भन्न सुहाउँदैन । र यस्ता चाडपर्वका बेला रावण दहनजस्ता कार्यक्रम गर्न हुँदैन । धर्म, संस्कार र संस्कृतिमार्फत् राज्य, शाषक र सत्ताले आफ्नो वर्ग स्वार्थ अनुकूल राजनीतिलाई भरपूर संरक्षण गरेको हुन्छ । संघीय लोकतान्त्रिक गणतान्त्रिक शाषनकालमा सबै चाड र धपर्वका सारमा विद्यमान सामन्ती सांस्कृतिक अर्थ आशय र सन्दर्भलाई परित्याग गर्नुपर्छ । यस्ता विषयमा तपाईंजस्ता इतिहास र संस्कृति विषयका विद्वानको अगुवाइ अपरिहार्य हुन्छ ।

मेरा अध्ययन र जानकारीमा वडादसैँ पहिलेदेखि थिएन । वडादसैँ पूर्वराजा वीरेन्द्र शाहका पालादेखि सुरु भएको हुनुपर्छ । चैते दसैँ सानो अनि असोजको दसैँ वडा भन्ने अर्थ लगाएको पनि सुनियो । राजा महाराजका श्रीमती, छोरा, छोरी, लुगाफाटा, घर सबै वडा मानिन्छन् र हुन्छन् । उनले मान्ने धर्म संस्कार र संस्कृतिलाई पनि विशेष महत्व दिइन्छ वा वडा भन्ने गरिएको हो । अझ त्यसमा पनि वैदिक सनातन वा हिन्दू धर्मले राजालाई साक्षत् देवताको अवतार मान्ने भएकाले यस धर्म र संस्कृतिलाई काखी च्यापेको स्पष्ट हुन्छ । तसर्थ यो कालका र अब दसैँ वडा छठ पर्व छोटा भन्न मिल्दैन र हुँदैन ।

यही असोज १९ गते एमाले कोसी प्रदेशको कला, साहित्य र संस्कृति विभागले दसैँ विषयक परिचर्चा कार्यक्रममा उपर्युक्त सन्दर्भ प्रस्तुत गरेको थिएँ । एमालेका केन्द्रीय उपाध्यक्ष गुरु बरालका प्रमुख आतिथ्यमा, खेम नेपालीको सभापतित्वमा सम्पन्न कार्यक्रममा सुप्रसिद्ध संस्कृतिविद् प्राडा गणेश क्षेत्रीसहित विषयविज्ञहरूको विचार प्रस्तुति रहेको थियो । यस कार्यक्रममा मैले नेताहरूमा उहिल्यै आउने बुद्धि अहिले यति अबेर आए पनि जाती नै भयो भनेको थिएँ । बेलैमा यस्तो बुद्धि आएको भए प्राप्त उपलब्धि अलिक सबल हुने थियो । यी सब काम हामीले गर्दा होइन तपाईं एमालेलगायत प्रमुख पार्टीका कारण भएको हो भन्ने तीतो सत्य बताउँदा गोष्ठीको माहौल गर्माएको थियो ।

सबै विषयमा आफैँ मात्र जान्ने हुँदा समस्या गम्भीर हुन गएको हो । त्यसैले डा. केसीले सबै खालका अतिवाद र अन्धवादलाई परास्त गर्ने खालका विचार पनि प्रवाह गर्नुपर्छ भन्ने मेरो सुझाव हो । तपाईंका अभिव्यक्तिमा हामी पनि कहीँ न कहीँ जोडिन्छौं । तपाईंका तलमाथि खालका अभिव्यक्तिले हामीलाई छुने गर्छ । त्यसैले विश्लेषण गर्दा सबै प्राडाको शीर उठ्ने खालको अभिव्यक्ति दिनु जाती हुन्छ । बर्खे पानीका फोका झैँ छिनभरमा फुट्ने अभिव्यक्ति पटक्क सुहाउँदैन ।

हामीमा जे जस्ता सोच, समझ र संस्कारहरू छन् ती प्रायः परम्परागत प्रभावका कारक हुन् । पुरानै शाषक र शासन व्यवस्थाका संस्कार र संस्कृतिको जवर्जस्त प्रभाव हामीमा रहेको छ । प्रायः नेताहरूमा पनि उपर्युक्त प्रभाव व्याप्त भएकै कारण देशले अपेक्षित प्रगति हुन नसकेको हो । कसैले गर्न खोजे पनि त्यसैको खुट्टा तान्ने कुसंस्कारका कारण सरकार र विकास निर्माणले स्थिरता प्राप्त गर्न नसकेको हो । तर, सापेक्षताका आधारमा सही मूल्यांकन नगरी सबैलाई चोर भन्न र सुन्न बानी परेका छौँ । विशिष्ट विद्वानको पगरी गुथे पनि हामी पितृतन्त्री ग्रन्थीबाट ग्रसित छौँ । आफ्नै घरमा बुबाका अगाडि अदबमा बस्ने हामी आमालाई अलिकति भए पनि हेला नै गर्ने परिपाटीमा हुर्कियौँ । त्यसैले प्रथम महिला राष्ट्रपति विद्या भण्डारीलाई जननेता मदन भण्डारीकी पत्नीका रूपमा मात्र हेर्न मन पराउँछौँ । प्रसिद्ध कलाकार करिश्मा केसीका पतिलाई पत्नीका नामबाट परिचित हुने लाछी भन्न रुचाउँछौँ ।

नेपाली समाजमा वितृष्णा मात्र बढाउने काम मात्र त गर्नु भएन नि । विश्लेषणका नाममा हचुवा खालका र तिललाई ताड बनाएर जनतामा चरम निराशा मात्र प्रवाह गर्नु भएन । तपाईंले एक भीम उपाध्यायको फेक फेसबुकमा अमेरिकामा प्रधानमन्त्री ओलीलाई जुत्ताले हिर्काए भनेर एक कार्यक्रममा हाहा गरेर हाँस्नुभयो, तर केही छिनमा तपाईं आफैँ मरिच झैँ चाउरिनुभयो । हाम्रा पुर्खाले बोल्न पाइयो भनेर प्याच्च नबोल्नु र बस्न पाइयो भने थ्याच्च नबस्नु भनेर अर्ती गरेको यादै गर्नु भएन ।

तपाईंले राम, रावण आदि पौराणिक सन्दर्भलाई मिथक भन्ने भ्रान्त धारणा व्यक्त गर्नुभयो । राम र रावणका शाखा सन्तान र तिनको वंशावली त्यहीँ भारतमा पाइन्छ । बुद्धको बेलैमा उत्खनन् नभएको भए बुद्ध नै मिथक हुन्थे होलान् । पूर्वका व्यास भनेर भनिनुभएका पं.छविलाल पोखरेलले विधर्मीहरूले कसरी हाम्रा धार्मिक पौराणिक सन्दर्भहरूलाई कोरा कल्पना वा मिथक भनेर उल्टो व्याख्या गरे ? भन्ने कुरा बताउनुभएको छ । त्यसै हो भने तिनले गणेशको वाहन सुगुर भनेर किन लेख्नुपरेको हो ? प्रसिद्ध लेखक मोहन बन्जाडेले विधर्मीहरूले लेखेर फैलाएका भ्रान्त धारणाका बारेमा दैनिक पत्रिकाहरूमा धेरै लेखहरू लेख्नुभएको थियो । अनि तपाईंले त ओलीले राम र सीता तथा अयोध्याका बारेमा उल्लेख गरेका सही सत्य र प्रामाणिक विषयलाई उपेक्षापूर्वक हाहा गरेर उडाउनुभयो । कृपया देशलाई केन्द्र बनाएर विश्लेषण गर्नु जाती हुन्छ । चरम निराशा मात्र फैलाएर देश र देशवासीको कल्याण हुँदैन ।

# सगरमाथा अरू चुचुराभन्दा बढी तीव्र गतिले किन बढ्दै छ ?



लोकनारायण सुबेदी

भूगर्भका खोज अनुसन्धानकर्ता जानिफकारहरू भन्दछन् हिमालय लगातार बढिरहेको छ । तर बिश्वको सबैभन्दा उँचो सगरमाथाको उचाइ बढ्ने दर अरू बाँकी टाकुराभन्दा बढी छ । यस्तो किन भइरहेको छ ? वैज्ञानिकहरूले यो प्रश्नको उत्तर खोजेका छन् । सबैलाई थाहा छ सगरमाथा पृथ्वीको सबैभन्दा उच्च पर्वत टाकुरा हो । समुद्र सतहदेखि झण्डै ८ दशमलव ८५ किलोमिटरको उचाइमा रहेको यो पर्वत अहिले लगातार बढिरहेको सगरमाथका अध्येता र खोजकर्ताहरू बताउँदछन् ।

यो बढ्नुको कारण हिमालय पर्वतमालको संरचना नै हो भन्ने अध्ययनले देखाएको छ । यस पर्वत शृंखलाको उत्पत्ति लगभग ५० करोड वर्ष पहिला भएको मानिन्छ । जतिबेला भारतीय उपमहाद्वीप र युरेशिया परस्पर ठोक्किएका थिए । त्यसपछिदेखि नै यो पर्वतको उचाइ लगातार बढ्दै आइरहेको बताइन्छ । तर, यस कारणले सगरमाथा जति गतिमा बढ्नुपर्ने हो त्योभन्दा धेरै अहिले बढिरहेको छ । वैज्ञानिक र विज्ञानका लागि सगरमाथाको उचाइ वृद्धि एउटा पहेली बन्दै आएको छ । तर, अब यसको कारण खोजकर्ताहरूले बुझ्न थालेका छन् । पछिल्लो ताजा अध्ययनमा वैज्ञानिकहरूले भनेका छन् कि यो सगरमाथको उचाइ बाँकी चुचुराहरूभन्दा बढी बढ्नुको पछाडि २ ठुला नदी प्रणालीहरूको मिलनसँग जोडिएको भन्ने खोज गरिएको छ । के अनुमान शोधकर्ताहरूले लगाएका छन् भने नदी प्रणालीमा परिवर्तनका कारण सगरमाथाले झण्डैझण्डै १५ देखि ५० अर्थात ४९ देखि १६४ फुटको उचाइ पाएको छ । आजभन्दा झण्डै झण्डै ८९ हजार वर्ष पहिला कोसी नदी र अरुण नदी परस्पर मिल्न पुगेका थिए । जसको कारण यो उचाइको परिवर्तन भएको थियो । यसको अर्थ के हो भने सगरमाथाको उचाइमा वर्षेपिच्छे शून्य दशमलव २ देखि शून्य दशमलव ५ मिलिमिटरको वृद्धि हुँदै आइरहेको छ ।

### अरुण र कोसी नदीको मिलन

जुन भूगर्भीय प्रक्रिया चलिरहेको छ, त्यसलाई खोजकर्ताहरूले 'आइसोस्टेटिक रिबाउन्ड' भन्दछन् । यसमा पृथ्वीको पातल तहभन्दा माथिको भूमिको हिस्सा माथि उठ्दछ जब सतहको भार कम हुने गर्दछ । पृथ्वीको यो तह गर्म र अर्ध-तरल चट्टानको बाहिरी पत्र तैरिने गर्दछ जसलाई मेन्टल (यो पृथ्वीको बाहिरी तहमा तैरिरहेको भाग) भनिन्छ । शोधकर्ताहरू बताउँदछन् कि अरुण र कोसी नदीको मिलन मैत्रीपूर्ण किसिमको थिएन । त्यस स्थितिमा कोसीले अरुणलाई आफ्नो अधिनमा लियो । नदीहरूले समय गुज्रँदै जाँदा आफ्नो मार्ग बदले । त्यसो गर्दा तीव्रतापूर्वक कटान भयो र ठूलो मात्रामा चट्टानहरू र माटो हट्न गयो । अनि सगरमाथा नजिक क्षेत्रको भार कम हुन गयो ।

चीनको बेइजिङस्थित चाइना युनिभर्सिटी अफ जियोसाइन्सेजका भूगर्भ वैज्ञानिक जिन-जेन दाईले भनेका छन् -'आइसोस्टेटिक रिबाउन्ड (जसलाई पोस्ट ग्लासियल रिबाउन्ड पनि भन्दछन्) एउटा तैरिँदो बस्तुको स्थान बद्लिँदोरूपमा देख्न सकिन्छ, जब त्यसमाथिको भारलाई हटाइन्छ' । भूगर्भशास्त्री दाईले के पनि भनेका छन् भने 'जब पृथ्वीको त्यो पातल सतहबाट भारी भारजस्तो बरफ या काटिएको चट्टान हटाइन्छ त्यसपछि त्यस मुनिको भूमि बिस्तारै बिस्तारै माथि उठन थाल्दछ, जस्तोकी पानीमा एउटा नाउ त्यसबेला माथि उठ्छ जब त्यसबाट सामान उतारिन्छ' । यो क्षेत्रमा नदी प्रणालीको मुख्य घाट सगरमाथाभन्दा लगभग ४५ किलोमिटर पूर्वमा रहेको छ । वैज्ञानिकहरूले संख्यात्मक मोडेल प्रविधि उपयोग गरेर नदी प्रणालीको बिकासको अनुमान लगाए र के भेट्टाए भने 'आइस्टेटिक रिबाउन्ड' सगरमाथको वार्षिक उचाइमा भइरहेको वृद्धिको झण्डै १० प्रतिशतका लागि जिम्मेवार रहेको छ ।

### बाँकी संसारमा पनि यस्तै हुन्छ

यो भूगर्भीय प्रक्रिया केवल हिमालय क्षेत्रमा मात्र सीमित रहेको हुँदैन । चिनियाँ भूगर्भविद दाई बताउँदछन् कि 'स्केन्डिनेभिया यसको एउटा उपयुक्त र राम्रो उदाहरण हो जहाँ जमिन अहिले पनि त्यहाँ भारी बरफ हटेपछि माथि उठिरहेको छ, जुन पहिला हिम युगको बेला त्यहाँ जमेको थियो । यो प्रक्रिया आज पनि जारी रहेको छ र त्यसले तट रेखा र परिदृष्यलाई प्रभावित गरिराखेको छ' ।यस अध्ययनका अर्का सह-लेखक तथा युनिभर्सिटी कलेज लण्डनका पृथ्वी विज्ञानमा डक्टरेटका विद्यार्थी स्मिथले भनेका छन् कि जिपिएसको आँकलनबाट थाहा हुन्छ कि सगरमाथा तथा हिमालयका अन्य भागहरू पनि बढ्दै गइरहेका छन् । यो वृद्धि सतहमा हुने कटावभन्दा बढी छ, जस्तो हावा, वर्षा र नदीको प्रवाहबाट हुने गरेको कटाव । जति जति यो कटाव जारी रहन्छ हिमालयको उचाइ बढ्ने दर 'आइसोस्टेटिक रिबाउन्ड'भन्दा अझ बढ्न सक्छ ।

### सगरमाथाको सटीक नक्सा

सगरमाथाका निकट छिमेकी पर्वत जस्तै ल्होत्से जुन विश्वको चौथो सबैभन्दा अग्लो पर्वत हो, र मकालु जो पाँचौं सबैभन्दा उच्च पर्वत हो, ती पनि यसै प्रक्रियाबाट माथि उठिरहेका छन् । ल्होत्सेको वृद्धि दर सगरमाथाकै समान छ भने मकालु जुन अरुण नदीको नजिक छ यसको वृद्धि दर सगरमाथाको भन्दा केही बढी छ ।

अध्येता दाईले भनेका छन् 'यस शोधले हाम्रो ग्रहको गतिशील प्रकृतिलाई उजागर गर्दछ । सगरमाथाजस्तो स्थिर देखिने गरेको पहाड पनि निरन्तर भौगर्भीय प्रक्रियाहरूबाट प्रभावित हुने गर्दछ, जसले हामीलाई स्मरण गराउँदछ कि पृथ्वी लगातार बद्लिइरहेको छ, भलै यो हाम्रो दैनिक जीवनमा नदेखियोस् ।' पृथ्वीको बाहिरी कडा पत्रलाई विशाल प्लेटमा विभाजित गरिएको छ, जुन बिस्तारै बिस्तारै टेक्टानिक प्लेट प्रक्रियाअन्तर्गत हल्लिँदै रहन्छ र यसै प्रकृयामा हिमालयको निर्माण हुन्छ ।

### भिन्ना भिन्नै छ सगरमाथा

अंग्रेजीमा माउट एभरेस्ट भनिने हिमालयलाई नेपालीमा सगरमाथा र तिब्बती भाषामा चोमोलोङमा भनिन्छ । यो नेपाल र चीनको स्वायत प्रदेश तिब्बतको बीचमा रहेको छ । यसको नाम १९औं शताब्दीमा बृटिस सर्वेक्षक जर्ज एभरेस्टको नाममा राखिएको थियो । २९ मे १९५३ का दिन एडमन्ड हिलारी र तेञ्जिङ नोर्गेले पहिलोपटक यो सगरमाथाको चुचुरोमा चढेपछि यस चुचुराको भारतीय अनुसन्धाताहरूले पनि सर्वेक्षण गरे र त्यसको उच्चाइ ८ हजार ८४८ मिटर नापेका थिए । त्यसबेलादेखि त्यसै उचाइलाई यसको मानक मानिँदै आएको थियो । तर त्यसपछि पनि जति जति बेला त्यो चुचुराको उचाइ नापियो त्यतिबेला अलग अलग नतिजा देखापरेका छन् । चीनले सगरमाथा या चोमोलोङमाको उचाइ ८ हजार ८८४ दशमलव ४३ मिटर मान्दथ्यो भने नेपाल र बिश्वका बाँकी देशले त्यो चुचुराको उचाइ ८ हजार ८४८ मिटर मान्दथे ।

४ वर्षअघि सन् २०२० मा नेपाल र चीन मिलेर त्यस चुचुराको उचाइ नापे र सगरमाथा अर्थात चोमोलोङमाको उचाइ ८ हजार ८४८ दशमलव ८६ मिटर मानिएको थियो । चिनियाँ भूगर्भशास्त्री दाईले भनेका छन्, 'मानव चेतनामा सगरमाथको एउटा विशेष स्थान छ । भौतिकरूपले यो पृथ्वीको सबैभन्दा उच्च बिन्दु हो, जसले यसलाई आफ्नो आकारको कारण महत्वपूर्ण बनाउँछ, सांस्कृतिकरूपले यो स्थानीय शेर्पा र तिब्बती समुदायका लागि पवित्र छ, विश्वव्यापीरूपमा भने सबैभन्दा ठूलो चुनौतीको प्रतीक हो, जसले मानिसको सहन शक्ति र सीमाहरूभन्दा माथि जाने प्रवृत्तिलाई दर्शाउँदछ । यी विशेष कुराहरूले यसको स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय विशेषतालाई बताउँदछन् । त्यसैले सगरमाथा क्षेत्रको महत्वलाई जोगाउन र यसलाई कायम राख्न आवश्यक छ भन्ने कुराको पनि बोध हुन्छ ।

सौर्य दैनिक मधेस

# कार्ययोजना कार्यान्वयनमा सुस्त मधेस सरकार




■ सौर्य समाचार

जनकपुर । महिला, शान्ति र सुरक्षासँग सम्बन्धी संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयनसम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना अन्तर्गतको समिति सुस्त गतिमा रहेका छन्। कार्ययोजनाको समयससीमा समाप्त हुन १ वर्ष बाँकी हुँदा मधेस प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयले प्रदेश निर्देशक समिति गठन गरेको छ। यसअघि नै प्रदेशका ८ वटै जिल्लामा जिल्ला निर्देशक समिति गठन भइसकेका छन् भने कतिपय स्थानीय तहमा समेत समिति उपसमितिहरू गठन भएका छन् । तर, प्रदेशमा भने योजनाको १ वर्ष बाँकी हुँदा बल्ल समिति गठन भएको छ । त्यसमा पनि समितिले पूर्णता भने पाएको छैन ।

प्रदेश सरकारले असोज १३ गते बल्ल समिति गठन गरेको छ। उक्त समितिमा द्वन्द्व पीडित २ महिला सदस्य हुनुपर्ने प्रावधानलाई समेट्न समितिले मधेसी सहिद प्रतिष्ठानसँग २ महिलाको नाम सिफारिस गर्न माग गरेको छ ।

गतवर्ष मन्त्रालयले द्वन्द्व पीडितका लागि छुट्याएको बजेट फ्रिज भएर गयो र यस वर्ष पनि द्वन्द्व पीडितका लागि विभिन्न शीर्षकमा बजेट छुट्याइएको गृह, सञ्चार तथा कानुन मन्त्रालयले जानकारी दिएको छ ।

मन्त्रालय स्रोतका अनुसार गत वर्ष विभिन्न कारणवश कुनै कार्यक्रम सञ्चालन नभएको र यसवर्ष पनि सोही शीर्षकमा बजेट छुट्याएको छ । प्रदेशको ८ वटा जिल्लामध्ये सप्तरी जिल्लामा १ वर्ष पहिले नै जिल्ला निर्देशक समिति गठन भएको हो तर, स्थानीय तहसँग कुनै समन्वय छैन ।

महोत्तरी जिल्लामा जिल्ला निर्देशक समिति गत वर्ष गठन भएको थियो । जिल्लाको स्थानीय तहलाई पत्राचारसमेत गरिएको छ तर, अरू केही काम भएको छैन । धनुषाको विदेह नगरपालिकाका प्रमुख वेचन दासलाई संयुक्त राष्ट्र संघको प्रस्तावबारे कुनै जानकारी नै छैन ।

वीरगन्ज महानगरपालिकाकी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा स्रोतका अनुसार जनकारी नभएर समिति गठन नभएको हो, जानकारी पाएपछि समिति गठनको तयारीमा जुट्ने बताइएको छ । उता रौतहट जिल्लामा भने ५० प्रतिशतभन्दा बढी स्थानीय तहले समिति गठन गरेका छन् ।

जिल्ला निर्देशक समिति बारे धनुषाका जिल्ला प्रबासन कार्यालयका अनुसारसमिति बारे कुनै जानकारी भएको छैन्। द्वन्द्व पीडित राष्ट्रिय महिला सञ्जालले समिति गठन बारे धनुषामा काम गर्दै आएको छ । पटक-पटक स्थानीय तहसँग अन्तरक्रिया कार्यक्रम गर्दै आए पनि स्थानीय तहले चासो नदेखाएको धनुषाका एक प्रतिनिधिले जानकारी गराए ।

प्रदेशमा उक्त समितिअन्तर्गत काम गर्न बजेट विनियोजनका लागि पत्रसमेत पठाएको तर, प्रदेशले पनि बेवास्था गरेको सञ्जालको गुनासो रहेको छ ।

# दसैं बजारमा ३ करोडको कारोबार



धनुषा । दसैंका अवसरमा जनकपुरधामस्थित गोपाल धर्मशाला परिसरमा आयोजित सस्ता बजारमा यस वर्ष ३ करोड रुपैयाँको कारोबार भएको छ । गत वर्ष करिब ७-८ करोडको कारोबार भएको बजारमा यसवर्ष व्यापार घटेको जनकपुरधाम उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष जितेन्द्र महासेठले बताए । संघका वरिष्ठ उपाध्यक्ष मनोज साहकाअनुसार यस वर्ष सस्ता बजारको व्यापारमा गिरावट आएको छ। करिब १० वर्षदेखि स्टल राख्दै आएका शुलभ किचेन सेन्टरका सञ्चालक गंगाराम साहले यो वर्ष ५० प्रतिशत पनि व्यापार नभएको र खर्चसमेत नउठेको गुनासो गरे ।

करिब २० वर्षदेखि स्टल राखेर व्यापार गर्दै आएका ६० वर्षीय बलराम साहले भने, 'यसपालि स्टाफ खर्च पनि उठेन र योभन्दा राम्रो व्यापार हाम्रो काउन्टरमै थियो ।' उनले बजारको व्यवस्थापनमा कमजोरी रहेको गुनासो गरे । दैनिक उपभोग्य वस्तु बिक्रीवितरण हुने सस्ता बजार जनकपुर-दसैं मेलाको मुख्य आकर्षण हो। यो मेलामा मुख्यतया साबुन, सर्फ, अगरबत्ती, चियापत्ती, चाउचाउ, भुजिया, प्लास्टिकका भाँडावर्तन, जुत्ताचप्पल र लत्ताकपडा किन्ने ग्राहकको घुइँचो लाग्ने गर्छ ।

घटस्थापनादेखि दशमीसम्म बजार सञ्चालन गरिए पनि मुख्य आकर्षण पञ्चमीदेखि अष्टमीसम्म रहने गरेको संघकी महिला उपाध्यक्ष रिंकु शाहले बताइन् । जनकपुर उद्योग वाणिज्य संघको पहलमा विगत ४८ वर्षदेखि जनकपुरमा दसैं बजार लाग्दै आएको छ । *(सौस)*

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट बैक बाट ग बर्गको इजाजतपत्र प्राप्त संस्था)

ॐकार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
जि.पि.ओ. बक्सः २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्स : ९७७-१-४७९२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

## Interest Rate

**Effective from 1st of Kartik, 2081 (17th October, 2024)**

**Interest Rate on Saving Accounts**

| Types of Accounts | Minimum Balance (NPR) | Interest Rates (p.a.) |
|---|---|---|
| Normal Saving | 0.00 | 4.00% |
| Nari Saving | 0.00 | 4.25% |
| Children Saving | 0.00 | 4.25% |
| Manjushree Bishesh Bachat | 5,000.00 | 4.50% |
| Manjushree Premium Account | 25,000.00 | 5.00% |
| Manjushree Talab Bachat Khata | 0.00 | 5.00% |
| **Naulo Remit Bachat Khata** | **1,000.00** | **6.00%** |
| All other Saving Products | 0.00 | 4.00% |
| Call Account | 0.00 | Up to 2.00% |

**Interest on Fixed Deposits for Individuals and Institutions**

| Tenure | Individual (p.a.) | Remittance FD | Institutional (p.a) |
|---|---|---|---|
| 3 months to below 6 months | 5.25% | 6.25% | - |
| 6 months to below 1 year | 5.50% | 6.50% | - |
| 1 year to below 3 years | 6.00% | 7.00% | 5.00% |
| 3 years and below 5 years | 6.60% | 7.60% | 5.60% |
| 5 years and above | 6.75% | 7.75% | 5.75% |
| Recurring Deposit for Individuals | Up to 6.75% | | |

**Interest rate on Loans and Advances**

**Floating Interest Rate: Base rate + Risk Premium (%per annum)**

| Product Details | Minimum Risk Premium | Maximum Risk Premium |
|---|---|---|
| AUTO LOAN | 1 | 3 |
| BIKE LOAN | 2 | 4 |
| TRACTOR LOAN | 2 | 4 |
| LOAN AGAINST FDR | Coupon Rate + 2% or Base rate whichever is higher | |
| PG TERM LOAN | 2 | 4 |
| PG OD LOAN | 2 | 4 |
| EDUCATION LOAN | 1 | 3 |
| HOME LOAN - PREMIUM | 0 | 2 |
| HOME LOAN - NORMAL | 1 | 3 |
| PERSONAL DEMAND/TERM/OD LOAN - PREMIUM | 0 | 2 |
| PERSONAL DEMAND/TERM/OD LOAN - NORMAL | 1 | 3 |
| MFL SAJILO KARJA | 2 | 4 |
| MFL SAJILO SMALL KARJA | 2 | 4 |
| BUSINESS OD/TERM/DEMAND LOAN - PREMIUM | 0 | 2 |
| BUSINESS OD/TERM/DEMAND LOAN - NORMAL | 1 | 3 |
| SHARE LOAN - PREMIUM | 0 | 2 |
| SHARE LOAN - NORMAL | 1 | 3 |
| DEPRIVED SECTOR LOAN - WHOLESALE | 0 | 2 |
| DEPRIVED SECTOR LOAN - RETAIL | 2 | 4 |
| AGRICULTURE LOAN - PREMIUM | 0 | 2 |
| AGRICULTURE LOAN - NORMAL | 2 | 4 |
| OTHER LOANS | 2 | 4 |
| **Fixed Interest Rate (% per annum)** | 13.50% | |
| Base Rate for Bhadra | 10.40% | |

**Notes :**
* Base Rate adjustment on loans with floating interest rate shall be done every Nepali Calendar month.
* For Subsidy Loans, interest rate as per NRB Directives shall apply.
* For Consortium Loans, interest rate shall be as per consortium decision.
* The above-mentioned rates are applicable only for non-overdue and/or pass category loans as per NRB directives. In case of overdue loans and loans other than pass category as per NRB directives, 2% premium over and above aforementioned premium shall be applicable.

# हात्तीको आक्रमणबाट १ जनाको मृत्यु

■ सौर्य समाचार

बारा । बारामा हात्तीको आक्रमणबाट १ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा जिल्लाको कोल्हवी नगरपालिका-२ बस्ने ६३ वर्षीय हस्तबहादुर थोकर रहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

सोमबार बिहान ७ गाउँ नजिकैको जंगलमा घाँस गएका बखत हात्ती देख्नेबित्तिकै थोकर भाग्न खोज्दा हात्तीले पछ्याई थोकरलाई लछारपछार गरी मारेको बारा प्रहरीले जनाएको छ ।

यसरी हात्तीले मान्छे मारेपछि सो एरियामा सुरक्षा सतर्कता अपनाएर आवतजावत गर्न प्रहरीले सार्वजनिक सूचना जारी गरी सर्वसाधारणमा अनुरोध गरेको छ । मृतक थोकरको शव कलैया प्रादेशिक अस्पतालमा परीक्षण गरिएको तथा अनुसन्धान सुरु गरिएको बारा प्रहरीले जनाएको छ। कोल्हवी एरियामा हात्तीको आक्रमणमा परी थोकरसहित ११ जनाले अनाहकमा यसरी ज्यान गुमाएका हुन् । थोकरको मृत्यु भएपछि जंगली जनावरका कारण स्थानीयहरू त्रासमा रहेको स्थानीयले बताएका छन् । यस क्षेत्रमा जंगली जनावरका कारण बेलाबेलामा मान्छेले ज्यान गुमाउने गरेका छन् ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

## धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मिति: २०८१/०६/३०

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय कुलेश्वर, काठमाडौंबाट तपसिलमा उल्लेखित तपाई ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, व्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति वि.सं. २०८०/११/०४ मा जनसवाल राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्ता गर्ने सम्वन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सुचना, मिति २०८१/०१/२५ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्ता गर्ने सम्वन्धमा १५ (पन्ध्र) दिने सार्वजनिक सुचना, मिति वि.सं. २०८१/०४/०४ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना, मिति वि.सं. २०८१/०५/१२ गतेको कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना र मिति वि.सं. २०८१/०६/०७ गतेको सौर्य दैनिक राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ व्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्वन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय, नारायणहिटी पथ, दरवारमार्ग, काठमाडौंमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्वन्धित सवैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

**कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा, प्रतितपत्र सुविधा, ट्रष्ट रिसिप्ट कर्जा, अल्पकालिन कर्जा र अल्पकालिन कर्जा–एडहक**

**ऋणीको नाम : सेभ इन्टरप्राइजेज प्रा. लि.**
रजिष्टर्ड ठेगाना : कमलनगर वडा नं ४, भरतपुर, चितवन
रजिष्ट्रेशन नं. : ७७७१८/०६७/०६८ (नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, सेवा प्रवाह इकाइ, ललितपुर)
दर्ता मिति : वि.सं.२०६७/०८/०६
पान नम्बर : ३०४४६१८६६

**कम्पनीको सञ्चालक तथा जमानीकर्ताहरुको नाम र ठेगाना**

**१) नाम : संजय श्रेष्ठ**
वावु : वृद्धि लाल श्रेष्ठ
वाजे : वृद्धि मान श्रेष्ठ
स्थायी ठेगाना : ललितपुर उ.म.न.पा.-४, ललितपुर
हालको ठेगाना : ललितपुर म.न.पा.-११, ललितपुर
ना.प्र.नं. : ४६०४३
जारी मिति : २०४६/०६/१२
जिल्ला : ललितपुर

**२) नाम : यमुना श्रेष्ठ**
वावु : वृद्धि लाल श्रेष्ठ
वाजे : वृद्धि मान श्रेष्ठ
स्थायी ठेगाना : ललितपुर उ.म.न.पा.-४, ललितपुर
हालको ठेगाना : ललितपुर म.न.पा.-११, ललितपुर
ना.प्र.नं. : १७४७/०४०/४१
जारी मिति : २०४०/०९/०७
जिल्ला : ललितपुर

**जमानीकर्ताको नाम र ठेगाना**
**नाम : दिपिका श्रेष्ठ**
वावु : पुष्कर राज श्रेष्ठ
पति : संजय श्रेष्ठ
ससुरा : वृद्धि लाल श्रेष्ठ
स्थायी ठेगाना : ललितपुर उ.म.न.पा.-१८, ललितपुर
हालको ठेगाना : ललितपुर म.न.पा.-११, ललितपुर
ना.प्र.नं. : ५६८४५
जारी मिति : २०४९/०३/२५
जिल्ला : ललितपुर

**धितो राखिएको सम्पत्तिको विवरणः**

| जिल्ला | न.पा./गा.वि.स | वडा नं/नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल (रोपनी) | घर-जग्गा धनी | कैफियत |
|---|---|---|---|---|---|---|
| ललितपुर | कुसुन्ती | ४/४छ | ९५३ | ०-१५-३-० | यमुना श्रेष्ठ | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |
| ललितपुर | चापागाउँ | ३/३क | १२८९ | ०-७-२-२ | दिपिका श्रेष्ठ | |

माथि उल्लेखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत कम्पनीले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित ।

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. बोलकबोल फारम भर्दा सवैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैकले भुक्तानी माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ ।
४. लिलाम बिक्री भएको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुन: लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति दा.खा रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्वन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटी पथ वा शाखा कार्यालय कुलेश्वर, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति :- २०८१/०७/०७ गते, बुधबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटीपथ, दरवारमार्ग, काठमाडौं ।**

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फयाक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

# दसैंमा बढेको फिल्मको ब्यापार




■ **सौर्य समाचार**

काठमाडौँ । नेपालीहरूको सबैभन्दा ठूलो चाड दसैं नेपाली चलचित्रका लागि पनि उत्सवमय बनेको छ । दसैंमा लागेका नयाँ नेपाली चलचित्र हेर्न दर्शकहरू हलमा ओइरिएका छन् । दसैंको लामो बिदालाई टार्गेट गर्दै २४ असोजमा फूलपातीको दिन ३ वटा नयाँ चलचित्र रिलिज भएका थिए । तीमध्ये २ चलचित्र 'छक्कापञ्जा-५' र '१२ गाउँ'ले विस्फोटक व्यापार गरिरहेका छन् । तुलनात्मक रूपमा कम सो पाएको 'ज्वाइँ साब' ले पनि दर्शकको साथ पाइरहेको निर्माण पक्षले जनाएको छ ।

विदेशी खासगरी भारतीय र दक्षिण भारतीय चलचित्र रिलिज हुँदा देखिने गरेको क्रेज अहिले नेपाली चलचित्रप्रति देखिएको छ । योभन्दा अगाडि नेपाली चलचित्रको 'प्रि-बुकिङ' खासै हुँदैनथ्यो । तर, 'छक्कापञ्जा-५' र '१२ गाउँ' रिलिज हुनुभन्दा अगाडि नै दुवै चलचित्र हाउसफुल भइसकेका थिए । आजको दिनसम्म पनि यी चलचित्रमा दर्शक खचाखच छन् ।

दसैंमा रिलिज भएका चलचित्रहरूमध्ये सबैभन्दा बढी सो 'छक्कापञ्जा-५' ले पाएको थियो । स्थापित ब्रान्ड र निरन्तर सफलताको रेकर्डका कारण यो चलचित्रप्रति प्रदर्शक र वितरकले विश्वास देखाएका हुन् । नभन्दै चलचित्रले पहिलो दिनबाटै बम्पर व्यापार गर्‍यो । ट्रेलरले आलोचना खेप्नु परे पनि चलचित्र हेरेका दर्शकले यसको यथार्थपरक कथावस्तु मन पराएका छन् । चलचित्रमा हास्यरस कम भएको कतिपय दर्शकको गुनासो पनि सुनिएको छ । समग्रमा 'वर्ड अफ माउथ' बलियो भएकाले 'छक्का पञ्जा-५' ले धेरै दिनसम्म दर्शक तान्नसक्ने अनुमान गर्न सकिन्छ ।

निर्माता दीपकराज गिरी 'छक्कापञ्जा-५' ले हिजोसम्म अनुमानित ८ करोड रुपैयाँ ग्रस आम्दानी गरेको बताउँछन् । बुधबारसम्म १० करोड रुपैयाँ पुग्नसक्ने उनले प्रक्षेपण गरे । 'आजसम्म दर्शकको चाप हेर्दा हामी पहिलो सातामै १० करोड छुनसक्ने अवस्थामा छौं', गिरीले भने ।


# 'ताण्डवम' फागुनमा प्रदर्शन हुने

■ **सौर्य समाचार**

काठमाडौँ । जुनिम गहतराजको डेब्यु निर्देशकीय फिल्म 'ताण्डवम' भ्यालेन्टाइन डेको दिन पारेर आगामी २ फागुनबाट सार्वजनिक प्रदर्शनमा आउने भएको छ । दसैंको अवसर पारेर शनिबार थिम पोस्टर सार्वजनिक गर्दै फिल्मको प्रदर्शन मिति घोषणा गरिएको हो ।

पोस्टरले फिल्म सस्पेन्स-थ्रिलर कथामा बनेको संकेत गरेको छ । निर्देशक गहतराजले फिल्मको कथाको कनेक्सन धर्मसँग रहेको जनाएका छन् । उनका अनुसार, फिल्मको छायांकन सकिएर यतिबेला पोस्ट प्रोडक्सनको काम भइरहेको छ ।

अनिरुद्ध आत्रेय र हुसेनको लेखन (कथा, पटकथा तथा संवाद) रहेको फिल्मलाई धन कुमारी गहतराज, सविना मगर र मनिष गौतमले निर्माण गरेका हुन् । फिल्ममा अंकित खड्का, पुस्कर गुरुङ, प्रेम सुब्बा, अनोज पाण्डे, सरिना मगर, जुनीम गहतराज लगायतको अभिनय छ । यसमा हरि घले लामाको छायांकन तथा सम्राट बस्नेतको द्वन्द्व निर्देशन छ ।




# लरेन्स बिश्नोई गिरोहको निशानामा फारुकी



■ **एजेन्सी**

मुम्बई । पूर्वमन्त्री तथा एनसीपी नेता बाबा सिद्दिकीको गोली हानी हत्या भएको छ । यो हत्याको जिम्मेवारी लरेन्स बिश्नोई गिरोहले लिएको छ ।

यसपछि खबर आउन थाल्यो कि अब यो ग्याङ सलमान खानको पछि लागेको छ । यसैलाई ध्यानमा राख्दै अभिनेताको घरको सुरक्षा बढाइएको छ । अहिले स्ट्यान्ड-अप कमेडियन तथा बिग बोस १७ का विजेता मुनवर फारुकी लरेन्स बिश्नोई गिरोहको निशानामा परेको खबर आइरहेको छ । गत महिना दिल्लीमा उनलाई निशाना बनाउने प्रयास भएको बताइएको छ । यस घटनापछि मुम्बई प्रहरीले सावधानीका रूपमा उनको सुरक्षा बढाएको छ ।

हिन्दुस्तान टाइम्सको समाचार अनुसार एक प्रहरी अधिकारीले कमेडियनलाई बिश्नोई गिरोहबाट खतरा हुनसक्ने जानकारी दिएका थिए । धम्कीको कारण खुल्न नसकेको भए पनि प्रहरीले थप विवरण संकलनको प्रयास गरिरहेको छ ।

बिश्नोई गिरोहका केही सदस्यहरूले गत महिना दिल्लीमा उनको हत्या गर्ने प्रयास गरेका थिए र मुनव्वरलाई खेदेका थिए । तर, गुप्तचर निकायले समयमै यसबारे जानकारी पाए र समयमै कारबाही गर्दै आक्रमणलाई असफल पार्दै मुनवरलाई घटनास्थलबाट सुरक्षितरूपमा निकालेका थिए ।

वास्तवमा, मुनव्वरले धेरै सोहरूमा हिन्दी देवी-देवताहरूको मजाक उडाएका थिए, जसका कारण लरेन्स बिश्नोई गिरोह उनीसँग खुसी छैनन् । सेप्टेम्बरमा दिल्लीमा भएको कार्यक्रममा सुटरहरूलाई हिट गर्ने टास्क दिइएको थियो । उनीहरूले मुम्बईबाट एउटै फ्लाइटमा उनीसँगै यात्रा गरे र मुनावर बस्ने होटेलमा पनि बुक गरे । तर, खुफिया एजेन्सीहरूले दिल्ली पुलिसलाई सचेत गराए र योजना असफल भयो ।

पछिल्लो केही वर्षयता उनलाई धम्की आइरहेको बताइएको छ । यद्यपि मुम्बई पुलिसले धम्की र बिश्नोई गिरोह बीचको प्रत्यक्ष सम्बन्धको आधिकारिक रूपमा पुष्टि गरेको छैन । तर मुनव्वरको सुरक्षाको लागि जारी चिन्तालाई ध्यानमा राख्दै उनीहरू उच्च सतर्कतामा छन् ।

बाबा सिद्दिकीलाई शनिबार (अक्टोबर १२) राति मुम्बईको खार इलाकामा रहेको उनका छोराको कार्यालय बाहिर ३ जनाले घेरेर गोली हानेका थिए । उनलाई लिलावती अस्पताल पुर्‍याइएको थियो, जहाँ उनलाई मृत घोषित गरिएको थियो ।

# 'भूल भुलैया-३' नोभेम्बरबाट

■ **एजेन्सी**

मुम्बई । कार्तिक आर्यन अभिनीत बलिउड फिल्म 'भूल भुलैया-३' नोभेम्बर १ बाट प्रदर्शन हुँदै छ । यतिखेर कार्तिक फिल्मको प्रमोसनमा व्यस्त छन् । फिल्मलाई लिएर उनी पूर्ण माहोल बनाइरहेका छन् । उनले फिल्मको २ वटा क्लाइमेक्स सुटिङ भएको बताए । जुन क्लाइमेक्स देखेर दर्शकहरू छक्क पर्नेछन् । कार्तिकले भने, 'मलाई लाग्छ कि वास्तविक क्लाइमेक्सको बारेमा १ वा २ जनालाई थाहा छ । तर, २ वटा क्लाइमेक्स सुटिङ भइरहेका छन् । जब हामीकहाँ स्क्रिप्ट आयो करिब ५ जनालाई मात्र १५ पेज दिइएको थियो ।'

यसैबीच, अन्तर्वार्ताका क्रममा कार्तिक चिप्लिएका छन् । उनको मुखबाट क्लाइमेक्सको कुरा बाहिरिएको छ । जुन कियारा आडवाणीसँग सम्बन्धित छ । 'जब हामी सुटिङ गरिरहेका थियौं, वास्तवमा जब हामी कियारासँग सुटिङ गरिरहेका थियौं । यसपछि कार्तिकले रोकेर भने, 'माफ गर्नुहोस् । मेरो मतलब जब हामी विद्याजीसँग सुटिङ गरिरहेका थियौं ।'

साथै उनले 'भूल भुलैया-३' दर्शकहरूका लागि सप्राइजिङ रहेको समेत खुलासा गरे । 'म तपाईंलाई यति भन्न चाहन्छु कि हामीले २ वटा क्लाइमेक्स सुट गरेका छौं । यति धेरै कुरा लुकाउनुपर्ने यो पहिलोपटक हो । यो फरक फिल्म हो । 'भुल भुलैया-३' ले तपाईंहरूका लागि धेरै सरप्राइज हुनुहुन्छ ।'

यो फिल्म बलिउडको सुपरहिट हरर कमेडी फ्रेन्चाइज 'भूल भुलैया' को तेस्रो पार्ट हो । यस फिल्ममा कार्तिक आर्यन र तृप्ति डिमरी मुख्य भूमिकामा छन् । मञ्जुलिकाको भूमिकामा विद्या बालन पनि देखिनेछिन् । यसअघि 'भुल भुलैया' फ्रेन्चाइजका २ फिल्म रिलिज भइसकेका छन् ।

सन् २००७ मा रिलिज भएको 'भूल भुलैया' मा अक्षय कुमार, शाइनी आहुजा, राजपाल यादव, परेश रावल र विद्या बालनजस्ता कलाकार देखिएका थिए । त्यसपछि सन् २०२२ मा 'भूल भुलैया-२' रिलिज भएको थियो ।


**UAE/QATAR मा रोजगार**

**SAHARA ENGINEERING METAL CONSTRUCTION CONTRACTING L.L.C.,UAE**
पुर्व स्वीकृति मितिः २०८१/६/२९ चलानी नं.:६०२२६५५८ LT No. 312146

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Painter | 10 | 00 | काममा दक्ष | 1200 | ४४,०००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Steel fixer | 10 | 00 | | 1200 | ४४,०००।- | | | | | | | |
| ३. | Welder | 10 | 00 | | 1200 | ४४,०००।- | | | | | | | |

**ITALIAN AUTO SERVICE CENTER, QATAR** पुर्व स्वीकृति मितिः २०८१/६/२३ चलानी नं.:६०२२६५५९ LT No. 312113

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Electric Tech | 2 | 0 | काममा दक्ष | 1500 | ५५,३४५।- | ८ घण्टा | ६ दिन | छ | छ | २ वर्ष |
| २. | Mechanic (Light Vehicle) | 3 | 0 | | 1500 | ५५,३४५।- | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८१ कार्तिक ७ गते (23 Oct., 2024) यस प्रा. लि. को कार्यालय सामाखुशी, काठमाडौमा हुनेछ ।

ADVANCED MANAGEMENT CONSULTANTS "manpower supply & recruitment consultant" Govt. License No.: 1470/074/075
एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा. लि.
Samakhushi-26, Kathmandu, Nepal. Tel : 01-4964211, 4974211
Email : info@amgroup.com.np, Web : www.amgroup.com.np
Talk with AMC Representative 9801080183, 9801029663, 9801044493, 9801021737
9801080059, 9801044492, 9817002440, 9801080096

**SAUDI मा रोजगार JAWA HUMAN RESOURCES COMPANY** पुनः विज्ञापनः पूर्व स्वीकृती मितिः २०८१/५/२७ चलानी नं. ६०२२५२८५ LT.No. 310676

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Construction Labors | 29 | काममा दक्ष | 1000 | ३५,८२०।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ बर्ष |

**JAWA HUMAN RESOURCES COMPANY** पुनः विज्ञापनः पूर्व स्वीकृती मितिः २०८१/५/२७ चलानी नं. ६०२२५२८६ LT.No. 310677

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Construction Labors | 37 | काममा दक्ष | 1000 | ३५,८२०।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | १०,०००।- |

अन्तरवार्ता २०८१ कार्तिक ७ गते (23 Oct., 2024) बि.एम. ट्रेनिङ सेन्टर, जनकपुरमा र २०८१ कार्तिक ८ गते (24 Oct., 2024) जब ओरीन्टेड ट्रेनिङ इन्ष्टीच्युट प्रा. लि. सामाखुसीमा हुनेछ ।

Elite Human Resource Pvt. Ltd. श्रम इजाजत पत्र नं. १०१२/०६८/०६९
G.P.O. Box: 3451, Gongabu town planning, Kathmandu-29, Nepal
Tel: 01-4987995, 4989849, 4983362, Mob.: 9803031722, 9851088873, 9808875634, 9801188873, 9851072628.
Email: elitehrnepal@gmail.com, www.ehr.com.np



**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
**संघीय आयोजना कार्यान्वयन इकाई, धनुषा**
**मधेश प्रदेश, जनकपुरधाम**

**बोलपत्र स्वीकृतिको आशय सम्बन्धी सूचना**

**प्रकाशन मितिः २०८१।०६।३०**

मिति २०८१/०५/०६ मा प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा र मिति २०८१/०५/२१ गतेको हिमालय टाइम्स दैनिक पत्रिकामा प्रकाशित सार्वजनिक सूचना बमोजिम म्यादभित्र रीतपूर्वक प्राप्त हुन आएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमको बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्रहरु स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Contract No. | Description of Work | Name and Address of Bidder | Bid Amount (w/o VAT) |
|---|---|---|---|---|
| 1. | NCB/02-2081/82 | Construction of Shree Ramdev Janata Secondary School Building, Loharpatti-8, Mahottari. | Rokka Sah Cocstruction Pvt. Ltd., Kathmandu, Thapagau | 49,80,145.00 |
| 2. | FPIU/Dhanusha/Works/NCB/06-2081/82 | Construction One Storey RCC Frame structure School Building of Janta Adharbhut School at Ramgopalpur-05, Kanchanpur, Mahottari | Jana Jyoti Construction, Janakpurdham-7 | 51,75,377.65 |
| 3. | FPIU/Dhanusha/Works/NCB/07-2081/82 | Construction One Storey RCC Frame Structure Building of Dalit Rastiya School at Ekdara-03, Bhatuliya, Mahottari. | Bikrant Construction Pvt. Ltd., Bardibas Na.Pa.7, Mahottari | 54,37,444.11 |
| 4. | FPIU/Dhanusha/Works/NCB/08-2081/82 | Construction of Health Post Building of Bardibas-03, Parsahidhap, Mahottari | Prayush Construction, Laxminiya Rural Municipality, Ward No.03 | 49,29,239.62 |
| 5. | FPIU/Dhanusha/Works/NCB/09-2081/82 | Construction of Community Building, at Aurahi Municipality-07, Sonamai, Mahottari. | Jana Jyoti Construction, Janakpurdham-7 | 51,59,521.46 |
| 6. | FPIU/Dhanusha/Works/NCB/10-2081/82 | Construction of Asphalt Road at Devnagar Tole Vijaybasti Aurahi Sadak, Mahottari | Baba Nirman Sewa, Jaleshwor-04 | 52,56,183.20 |
| 7. | FPIU/Dhanusha/Works/NCB/11-2081/82 | Construction of Asphalt Road at Gaushala Municipality Nigaul School to Kathuwar Highway, Mahottari | Baba Nirman Sewa, Jaleshwor-04 | 53,55,128.50 |
| 8. | FPIU/Dhanusha/Works/NCB/12-2081/82 | Upgradation of Phulgama Hanspati Road, Nagrain Municipality-4, Dhanusha | Baba Nirman Sewa, Jaleshwor-04 | 51,46,415.45 |
| 9. | FPIU/Dhanusha/Works/NCB/13-2081/82 | Construction Two Storey RCC Frame structure School Building of Shree Aadarsh Rastriya Secondary School at Mithila Municipality-10, Lalgadh, Dhanusha | Aaditya Nirman Sewa, Dhanushadham-1, Dhanusha | 49,90,985.91 |
| 10. | FPIU/Dhanusha/Works/NCB/14-2081/82 | Construction Two Storey RCC Frame Structure School Building of Shree Janta Secondary School at Janakpurdham Sub-Metropolitan City-19, Shivpur, Dhanusha | Malaya Construction, Dhangadhimai Na. Pa.11 | 49,98,062.96 |

**आयोजना प्रमुख**




*अर्थशास्त्रतर्फको यस वर्षको नोबेल पुरस्कारबाट ३ अमेरिकी अर्थशास्त्री डारोन एसिमोग्लु, साइमन जोन्सन र जेम्स रोविन्सन पुरस्कृत भएका छन्*



*मुस्ताङमा स्याउको सिजन सुरू भएसँगै स्याउबाट बन्ने कोसेलीका विभिन्न परिकार मध्येको स्याउको सुकुटी बनाउँदै कृषक । पर्यटकले कोसेलीको रूपमा लैजाने गरेका छन्*

### देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

# २ महिनामा भित्रियो २ खर्ब ६३ अर्ब रेमिट्यान्स

**सौर्य समाचार**



काठमाडौँ । चालु आर्थिक वर्षको २ महिनामा साढे २ खर्ब बढीको रेमिट्यान्स (विप्रेषण) भित्रिएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्यांकअनुसार चालु आर्थिक वर्ष २०८१/०८२ को भदौसम्म २ खर्ब ६३ अर्ब १४ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको हो । समीक्षा अवधिमा विप्रेषण आप्रवाह १५ दशमलव २ प्रतिशत बढेको राष्ट्र बैंकले जनाएको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १८ दशमलव ७ प्रतिशतले बढेको थियो ।

अमेरिकी डलरमा रेमिट्यान्स आप्रवाह १ अर्ब ९६ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १ अर्ब ७३ करोड रहेको थियो । समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ७ हजार ४८५ र पुन: श्रम स्वीकृति लिनेको संख्या ४० हजार ५८३ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमश: ७४ हजार ४५५ र ३२ हजार ४ रहेको थियो । समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) २ खर्ब ८६ अर्ब ४५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय २ खर्ब ५१ अर्ब ६५ करोड रहेको थियो ।

## घट्यो महँगी

नेपाल राष्ट्र बैंकका अनुसार गत वर्ष २०८० को भदौ महिनाको तुलनामा २०८१ को भदौ महिनामा महँगी आधाभन्दा धेरैले घटेको छ । गत वर्षको भदौ महिनामा समग्र मुद्रास्फीति ८ दशमलव १९ प्रतिशत थियो । तर, यस वर्षको भदौ महिनामा यस्तो मुद्रास्फीति ३ दशमलव ८५ प्रतिशत मात्र रहेको छ । यसैगरी, खाद्य तथा पेय पदार्थमा मुद्रास्फीति ५ दशमलव शून्य ३ प्रतिशत रहेको छ भने गैरखाद्य तथा सेवा क्षेत्रको मुद्रास्फीति ३ दशमलव १९ प्रतिशत रहेको छ ।

गत वर्ष खाद्य क्षेत्रमा ९ दशमलव ७७ र गैरखाद्यमा ७ दशमलव १९ प्रतिशत मुद्रास्फीति रहेको राष्ट्र बैंकले जनाएको छ । प्रदेशगत रूपमा गएको भदौमा कोसी प्रदेशको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ४ दशमलव ६६ प्रतिशत, मधेस प्रदेशको ३ दशमलव ८२ प्रतिशत, बागमती प्रदेशको ३ दशमलव २९ प्रतिशत, गण्डकी प्रदेशको ३ दशमलव ५० प्रतिशत, लुम्बिनी प्रदेशको ३ दशमलव ५३ प्रतिशत, कर्णाली प्रदेशको ३ दशमलव ५६ प्रतिशत र सुदूरपश्चिम प्रदेशको ५ दशमलव ९० प्रतिशत रहेको छ । अर्थात बागमतीमा महँगी सबैभन्दा कम रहेको देखिन्छ ।

काठमाडौं उपत्यकाको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ३ दशमलव ४९ प्रतिशत, तराईको ४ दशमलव शून्य ९ प्रतिशत, पहाडको ३ दशमलव ६१ प्रतिशत र हिमालको ४ दशमलव १९ प्रतिशत रहेको छ । २०८० भदौ महिनामा उक्त क्षेत्रहरूको यस्तो मुद्रास्फीति क्रमश: ९ दशमलव ८३ प्रतिशत, ७ दशमलव शून्य ३ प्रतिशत, ८ दशमलव शून्य ९ प्रतिशत र ११ दशमलव ३२ प्रतिशत रहेको थियो ।

## विदेशी मुद्रा सञ्चिति हालसम्मकै उच्च

विदेशी मुद्राको सञ्चिति हालसम्मकै उच्च रहेको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्यांकअनुसार चालु आर्थिक वर्ष २०८१/०८२ को भदौसम्म कुल विदेशी विनिमय सञ्चिति ५ दशमलव ५ प्रतिशत बढेर २१ खर्ब ५२ अर्ब ५३ करोड रुपैयाँ पुगेको छ । जुन हालसम्मकै उच्च हो ।

गत असारसम्म विदेशी मुद्राको सञ्चिति २० खर्ब ४१ अर्ब १० करोड रुपैयाँ थियो । अमेरिकी डलरमा यस्तो सञ्चिति गत असारसम्म १५ अर्ब २७ करोड रहेकोमा २ महिनामा ५ प्रतिशत बढेर १६ अर्ब ४ करोड पुगेको छ ।

कुल विदेशी मुद्रा सञ्चितिमध्ये राष्ट्र बैंकमा १९ खर्ब २८ अर्ब ९९ करोड रुपैयाँ पुगेको छ । गत असारसम्म राष्ट्र बैंकसँग १८ खर्ब ४८ अर्ब ५५ करोड रुपैयाँ थियो । भदौसम्म बैंक तथा वित्तीय संस्थासँग रहेको विदेशी मुद्रा सञ्चिति १६ दशमलव १ प्रतिशत बढेर २ खर्ब २३ अर्ब ५३ करोड रुपैयाँ पुगेको छ । गत असारसम्म बैंक तथा वित्तीय संस्थासँग १ खर्ब ९२ अर्ब ५५ करोड रुपैयाँ थियो ।

भदौ मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२ दशमलव १ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८१/०८२ को २ महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १६ दशमलव ८ महिनाको वस्तु आयात र १३ दशलमव ७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने राष्ट्र बैंकले जनाएको छ । विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमश: ३७ दशमलव ७ प्रतिशत, ११४ दशमलव ४ प्रतिशत र ३० दशमलव ८ प्रतिशत रहेका छन् ।

## शोधनान्तर स्थिति १ खर्ब १ अर्ब ७७ करोड रूपैयाँले बचतमा

चालु आर्थिक वर्षको २ महिनामा सोधनान्तर स्थिति दोब्बरले वृद्धि भएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्यांकअनुसार चालु आर्थिक वर्ष २०८१/०८२ को भदौसम्म शोधनान्तर स्थिति १ खर्ब १ अर्ब ७७ करोड रुपैयाँले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति ५५ अर्ब १० करोड रुपैयाँले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ४१ करोड ७० लाखले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा ७५ करोड ७९ लाखले बचतमा रहेको छ ।

समीक्षा अवधिमा चालु खाता ४९ अर्ब ६९ करोड रुपैयाँले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता २३ अर्ब ९७ करोड रुपैयाँले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा १८ करोड १३ लाखले बचतमा रहेको चालु खाता समीक्षा अवधिमा ३७ करोड १ लाखले बचतमा रहेको छ । समीक्षा अवधिमा खुद पुँजीगत ट्रान्सफर १ अर्ब २० करोड रुपैयाँ कायम भएको छ भने प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह (इक्विटी मात्र) २ अर्ब ७१ करोड रुपैयाँ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद पुँजीगत ट्रान्सफर ८५ करोड ८ लाख रुपैयाँ कायम भएको थियो भने प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह (इक्विटी मात्र) ३ अर्ब रुपैयाँ रहेको थियो ।

### आइएमएफको चेतावनी

# विश्वव्यापी सार्वजनिक ऋण १ सय ट्रिलियन डलर पुग्ने

**सौर्य समाचार**




काठमाडौँ । आइएमएफले धेरै देशका लागि वित्तीय अवस्था 'अपेक्षाभन्दा खराब' हुन सक्ने चेतावनी दिँदै मंगलबार विश्वव्यापी सार्वजनिक ऋण यस वर्ष १ सय ट्रिलियन डलर पुग्नसक्ने चेतावनी दिएको छ । वित्तीय नीतिसम्बन्धी पछिल्लो प्रतिवेदनमा, आइएमएफले यस वर्ष विश्वव्यापी सार्वजनिक ऋण कुल ग्राहस्थ उत्पादन (जिडिपी) को ९३ प्रतिशत र सन् २०३० सम्ममा जिडिपीको १०० प्रतिशतमा पुग्ने अपेक्षा गरेको छ । यो तथ्यांक कोभिड-१९ महामारी आउनुभन्दा पहिलेको तुलनामा १० प्रतिशतले बढी हो ।

विश्वव्यापी सार्वजनिक ऋण उच्च भएको आइएमएफको ' फिस्कल अफेयर्स डिपार्टमेन्ट' का उपनिर्देशक एरा डाब्ला-नोरिसले प्रतिवेदन प्रकाशन हुनुअघि पत्रकार समक्ष बताएका हुन् । ऋणको बोझ अपेक्षाभन्दा बढी हुने धेरै कारण भएको बताउँदै उनले जलवायु परिवर्तन, अत्यधिक आशावादी ऋण अनुमान तथा ठूलो मात्रामा अज्ञात ऋणको सम्भावना जस्ता सवाललाई सम्बोधन गर्न हालको खर्च सन्तुलित नरहेको उल्लेख गरेका छन् ।

त्यसैले सन्तुलन कायम गरी ऋणको बोझ घटाउन देशहरूले आफ्नो वित्तीय व्यवस्थापनलाई मजबुत गराउनुपर्ने समय आएको उनले बताए । आइएमएफको प्रतिवेदनले ऋण अनुमानको जोखिम मूल्यांकन गर्न नयाँ 'ऋण-मा-जोखिम' दृष्टिकोण प्रस्तुत गरेको छ । प्रतिवेदनमा खराब अवस्थामा, विश्वव्यापी सार्वजनिक ऋण सन् २०२६ सम्ममा जिडिपीको ११५ प्रतिशतमा पुग्न सक्ने अनुमान गरिएको छ । यो तथ्यांक कोषको आधारभूत अनुमानभन्दा लगभग २० प्रतिशत बढी हो । प्रतिवेदनले विश्वव्यापी कारकहरूले देशहरूमा सरकारी उधारो लागतमा बढ्दो उतारचढाव निम्त्याउने जनाउँदै ऋणको उच्चस्तरले अरूका लागि सार्वभौम उत्पादन र ऋण जोखिमको अस्थिरता बढाउने चेतावनी दिएको छ । अर्थ व्यवस्थामा मध्यम मुद्रास्फीति र ब्याज दर कटौतीको अर्थ देशले आफ्नो वित्तीय व्यवस्थापन पुनर्निर्माण गर्ने 'उपयुक्त' समय भएको आइएमएफले जनाएको छ । विश्वव्यापी सार्वजनिक ऋण नियन्त्रणमा ल्याउन वित्तीय समायोजनको आकार जिडिपीको औसतमा ३-४ दशमलव ५ प्रतिशतको बीचमा रहन आवश्यक रहेको आइएमएफले जनाएको छ जुन विगतका समायोजनहरूको आकारभन्दा लगभग दोब्बर हो ।

### दसैंमा भेडा, च्यांग्रा तथा खसीको कारोबार

# जुम्ला र मुस्ताङमा मात्रै ३२ करोडभन्दा बढीको कारोबार



**सौर्य समाचार**

जुम्ला । यस वर्षको दसैंको समयमा मात्रै जुम्ला र मुस्ताङमा ३२ करोडभन्दा बढी रुपैयाँको भेडा, खसी लगायतको कारोबार भएको छ । जुम्लामा १६ करोड र मुस्ताङमा १६ करोड रुपैयाँ बराबरका भेडा, खसी लगायतको कारोबार भएको हो । जुम्ला सदरमुकाम खलंगा बजार क्षेत्रबाट मात्रै १६ करोड ३२ लाख ३१ हजार रुपैयाँका भेडा, खसी, बोका तथा राँगाभैँसीको बिक्रीवितरण भएका हुन् । चन्दननाथ नगरपालिका पशुपक्षी विकास शाखा प्रमुख वीरबहादुर रावलका अनुसार जिल्लाकै भेडापालक किसान र बाहिरबाट ल्याइएका समेत गरेर यहाँ ७ हजार ९२८ भेडा तथा खसी बिक्री भएका छन् । यस्तै १५ करोड २३ लाख २३ हजार रुपैयाँका भेडा, ७७ लाख ९२ हजार रुपैयाँका खसी र ३१ लाख १६ हजार रुपैयाँका राँगा तथा भैँसीहरू खरिद बिक्री भएका छन् । जसमा ४८७ खसी, ३ वटा राँगा र ८२ वटा भैँसी रहेका छन् ।

यहाँ स्थानीय भेडाको अधिकतम मूल्य २८ हजार रुपैयाँ, न्यूनतम १० हजार रुपैयाँ भएकोमा औसत मूल्य १९ हजार रुपैयाँ तोकिएको थियो । जुम्ली खसीको अधिकतम मूल्य २४ हजार रुपैयाँ र न्यूनतम ८ हजार रुपैयाँ रहेकामा औसत १६ हजार रुपैयाँमा बिक्री भएको जनाइएको छ । अधिकतम मूल्य ५० हजार रुपैयाँ र न्यूनतम २६ हजार रुपैयाँमा किनबेच भइरहेका राँगाभैँसी औसत ३८ हजार रुपैयाँमा बिक्री भएका थिए ।

२०६८ सालदेखि तिब्बती भेडाच्यांग्रा ल्याउन छाडेपछि यहाँ जुम्ली भेडा, खसीबोका मात्रै बिक्रीवितरण हुने गरेका छन् । पशु अस्पताल तथा पशु सेवा कार्यालयका अनुसार जुम्लामा ८८ हजार भेडा छन् । पछिल्लो समय कनकासुन्दरी गाउँपालिकाको गोठीज्यूला, सिंजा गाउँपालिकाको नराकोट, हिमा गाउँपालिकाको जुगाड, बागबजार, तिला गाउँपालिकाको रारालिही, तातोपानी गाउँपालिकाको लिताकोट, पातारासी गाउँपालिकाको लासी बजार र उर्थुचौतारा, गुठीचौरी गाउँपालिकाको मणिसाँघुलगायत साना बजारमा समेत भेडा, खसीलगायतको कारोबार हुने गरेको पशु सेवा कार्यालय जुम्लाले जनाएको छ ।

मुस्ताङमा १६ करोडका भेडा च्यांग्रा बिक्री

यस वर्षको दसैंमा मुस्ताङमा १६ करोड रुपैयाँ बराबरको भेडाच्याङग्राको व्यापार भएको छ । दसैंका लागि मुस्ताङबाट बिक्री भएका ८ हजार भेडाच्याङग्रामध्ये ४ हजार ८०० जिल्ला भित्रका किसानले पालेका र ३ हजार २०० डोल्पा, मुगुबाट ल्याइएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मुस्ताङले जनाएको छ ।

केन्द्रका प्रमुख लालमणि अर्यालका अनुसार ५०० भेडा (च्यालुक) र ७ हजार ५०० च्यांग्रा बिक्री भएका छन् । 'मुस्ताङका किसानले उमेर र तौलअनुसार प्रतिगोटा २८ हजारदेखि ३८ हजार रुपैयाँका दरले च्यांग्रा बेचेका छन्', उनले भने, 'सरदर मूल्यअनुसार १६ करोड रुपैयाँ बराबरको च्यांग्रा बिक्री भएका छन् ।'

गत वर्ष ७ हजार भेडाच्यांग्रा बिक्री भएको थियो । म्याग्दी, बागलुङ, पर्वत, कास्की, काठमाडौं लगायतका जिल्ला तथा सहरमा मुस्ताङका भेडाच्यांग्रा बिक्री भएको छ । अघिल्लो वर्षको तुलनामा उत्पादन बढेको र मूल्य घटेकाका कारण यसपालि भेडाच्यांग्राको व्यापार राम्रो भएको व्यापारीहरूले बताएका छन् ।

जडीबुटीयुक्त बुकीमा चरेका च्यांग्राको मासु पोषिलो, तागतिलो र स्वस्थकर मानिन्छ भएकाले दसैं तिहारमा हिमाली च्यांग्राको मासुको उपभोग गर्ने चलन रहेको बेनीका अर्जुन पौडेलले बताए । ३ वर्ष पूरा भएका च्यांग्रामासुका लागि बिक्री हुने गर्छ ।

बजारमा गत वर्षको तुलनामा प्रतिगोटा च्यांग्रा १० हजार रुपैयाँ कम मूल्यमा बिक्री भएको छ । मुस्ताङको घरपझोङ, लोघेकर दामोदरकुण्ड, वारागुङ मुक्तिक्षेत्र र लोमान्थाङ गाउँपालिकामा ५० हजार च्यांग्रा पालिएका छन् । यहाँका किसानको मुख्य आयस्रोत च्यांग्रापालन हो ।

## कर्पोरेट

### ग्लोबल आइएमई र महालक्ष्मी विकास बैंकबीच सम्झौता



काठमाडौँ । ग्लोबल आइएमई बैंक लिमिटेड र महालक्ष्मी विकास बैंकबीच गैरकोषमा आधारित बैंकिङ सुविधा उपलब्ध गराउने सम्झौता पत्रमा हस्ताक्षर सम्पन्न भएको छ । उक्त सम्झौता पत्रमा ग्लोबल आइएमई बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी र महालक्ष्मी विकास बैंकका प्रमुख कार्यकारी अधिकृत दिपेश लम्सालले हस्ताक्षर गरेका छन् ।

सम्झौताअनुसार महालक्ष्मी विकास बैंकका ग्राहकहरूले आफ्नो व्यवसायलाई आवश्यकता पर्ने गैरकोषमा आधारित प्रतीत पत्र (लेटर अफ क्रेडिट), बैंक ग्यारेन्टी, डकुमेन्ट अगेन्स्ट पेमेन्ट, डकुमेन्ट अगेन्स्ट असेप्टेन्स, ट्रेड ट्रान्जेक्सन बैंकिङ आदि सुविधा महालक्ष्मी विकास बैंकको सिफारिसमा ग्लोबल आइएमई बैंकमार्फत उपभोग गर्न सक्नेछन् ।

### सिटिजन्स क्यापिटल र दाउन्ने एग्रोबीच सम्झौता




काठमाडौँ । सिटिजन्स क्यापिटल लिमिटेड र दाउन्ने एग्रो फार्म लिमिटेडबीच साधारण सेयर निष्काशन तथा बिक्री प्रबन्धक नियुक्तिसम्बन्धी सम्झौता भएको छ । उक्त सम्झौतामा दाउन्ने एग्रो फार्म लिमिटेडका तर्फबाट कार्यकारी निर्देशक बिनोद पोखरेल तथा सिटिजन्स क्यापिटल लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत सबिर बादे श्रेष्ठले हस्ताक्षर गरेका थिए ।

सम्झौता अनुसार सिटिजन्स क्यापिटलले दाउन्ने एग्रो फार्म लिमिटेडको साधारण सेयर निष्काशनका लागि बिक्री प्रबन्धक नियुक्त भएको सम्झौतामा उल्लेख छ । दाउन्ने एग्रो फार्म २०७४ सालमा स्थापना भएको नेपालकै सबैभन्दा ठुलो अण्डा उत्पादन गर्ने कम्पनी भएको दावी गरिएको छ ।

उक्त फर्म जर्मनी र मलेसियाबाट आयात गरिएको पूर्ण स्वचालित वाताअनुकुलित प्रविधिको प्रयोग गरी कुल ४ लाख लेयर्स कुखुराबाट प्रतिदिन १ हजार ७०० कार्टुन 'एन्टिबायोटिक फ्री' एवं गुणस्तरीय अन्डा उत्पादन गरी देशको अधिकांश सहरी, अर्ध सहरी, एवं पर्यटकीय क्षेत्रमा बिक्री वितरण गर्दै आइरहेको कम्पनीको भनाइ छ ।

### ३१ अंकले बढ्यो नेप्से



काठमाडौँ । दसैंपछि खुलेको सेयर बजार नेप्से परिसूचक ३१ दशमलव ४८ अंक (१ दशमलव १७ प्रतिशत) बढेसँगै २ हजार ६९९ मा कायम भएको छ । कारोबार रकम भने घटेको छ । दसैं बिदाअघिको दिन ३ अर्ब ७६ करोडको कारोबार भएकोमा मंगलबार ३ अर्ब ६ करोडमा सीमित भएको हो । उत्पादनबाहेक सबै क्षेत्रका सूचक बढेका छन् । उत्पादन समूह शून्य दशमलव २२ प्रतिशत घट्यो ।

फाइनान्स सूचक सबैभन्दा धेरै ४ दशमलव ६१ प्रतिशत बढ्यो । बैंकिङ १ दशमलव ५९, विकास बैंक १ दशमलव ५६, होटल तथा पर्यटन शून्य दशमलव ८०, हाइड्रोपावर शून्य दशमलव ७२, लगानी १ दशमलव ५२, जीवन बिमा १, माइक्रोफाइनान्स शून्य दशमलव ७२, निर्जीवन बीमा शून्य दशलमव ५१, अन्य १ दशमलव २१ तथा व्यापार समूह १ दशमलव ७६ प्रतिशत बढेको छ ।


जानकी फाइनान्स र मिथिला लघुवित्तको मूल्य १० प्रतिशत बढ्यो । मिडसोलु हाइड्रोपावरको मूल्य १० प्रतिशत घटेको छ ।

www.souryaonline.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ गो.हु.का.द.नं. ०७/०८०/०८१

# सौर्य खेलकुद



आर्सनलका मुख्य प्रशिक्षक जोनास आइडेभालले मुख्य प्रशिक्षक पदबाट राजिनामा दिएका छन्



अस्ट्रेलियाका टेनिस खेलाडी निक क्राइगोसले ग्रान्डस्लाम उपाधि जित्ने चाहना व्यग्र भएको बताए

## एनपिएलमा भित्रियो विवाद




■ सौर्य समाचार

काठमाडौं । नेपाल प्रिमियर लिग प्रालि आफ्नो नाममा रहेको भन्दै आमिर अख्तिरले नेपाल क्रिकेट संघ-क्यानलाई ७ बुँदे ध्यानाकर्षण पत्र बुझाएका छन् । क्यानले आफ्नो स्वामित्वमा नेपाल प्रिमियर लिग-एनपिएल आयोजना गर्ने तयारी गरिरहेका बेला प्रतियोगिताको स्वामित्वलाई लिएर आमिरले ध्यानाकर्षण गराएका हुन् । क्यानले एनपिएल १६ मंसिरबाट आयोजना गर्ने तयारी गरिरहेको छ ।

आमिरले एनपिएलसम्बन्धी सम्पूर्ण अधिकार आफ्नो रहेको दावी गर्दै क्यानले बेवास्ता गरेर प्रतियोगिता आयोजना गर्न लागेको उल्लेख गरेका छन् । उनले नेपाल प्रिमियर लिग प्रालि र नेपाल क्रिकेट संघ (क्यान) बीच सहमति गरेर मात्र एनपिएल आयोजना गर्न आग्रह गरेका छन् । क्यानले सहमति गरेमा आफूले नेपाल प्रिमियर लिग प्रालि नामसारी गरिदिने पनि उल्लेख गरेका छन् ।

उनले त्यसका लागि ७ दिनको समय सीमा पनि दिएका छन् । एनपिएलमै सहभागी टोली जनकपुर बोल्ट्सको मुख्य प्रशिक्षकमा पुबुदु दशानायके नियुक्त भएका छन् । मंगलबार सामाजिक सञ्जालमार्फत जनकपुर बोल्ट्सले पुबुदुलाई मुख्य प्रशिक्षक नियुक्त गरेको जनाएको छ । श्रीलंकाली मूलका क्यानेडियन प्रशिक्षक पुबुदु नेपाली राष्ट्रिय टोलीको पूर्व मुख्य प्रशिक्षकसमेत हुन् ।

पुबुदुले पहिलोपल्ट सन् २०११ देखि २०१५ सम्म नेपाल टिमको प्रशिक्षण सम्हालेका थिए । त्यस समयमा नेपालले आइसिसी विश्व क्रिकेट लिग डिभिजन-४ देखि १ सम्मको यात्रा गरेको थियो । पुबुदुकै प्रशिक्षणमा नेपाल सन् २०१४ मा बंगलादेशमा आयोजित टी-२० विश्वकपमा ऐतिहासिक छनोट भएको थियो । पुबुदुले २ पटक नेपाली राष्ट्रिय टोली सम्हालेका थिए ।

यसैबीच, सुदूरपश्चिम रोयल्सले अस्ट्रेलियाका पूर्वस्पीनर ब्राड हजलाई प्रमुख मेन्टर नियुक्त गरेको छ । हजको नियुक्तिले एनपिएलमा टोलीको प्रदर्शन उच्च हुने विश्वास सुदूरपश्चिम रोयल्सका मालिक स्वतन्त्र प्रताप शाहले गरेका छन् । ४९ वर्षीय हजले यसअघि इन्डियन प्रिमियर लिगमा कोलकाता नाइट राइडर्सबाट खेलेका थिए ।

जगत टमटा सुदूरपश्चिमका प्रमुख प्रशिक्षक हुन् । दीपेन्द्रसिंह ऐरी मार्की खेलाडी रहेका छन् । एनपिएल १६ मंसिरबाट सुरू हुँदै छ ।

## महिला साफ च्याम्पियनसिप १ कात्तिकदेखि



■ सौर्य समाचार

काठमाडौं । दक्षिण एसियाली फुटबल महासंघ (साफ) महिला च्याम्पियनसिप १ कात्तिकदेखि काठमाडौंमा हुँदै छ । च्याम्पियनसिपको सम्पूर्ण तयारी पूरा भएको अखिल नेपाल फुटबल संघ (एन्फा)ले जनाएको छ ।

मंगलबार एन्फा कम्प्लेक्स सातदोबाटोमा पत्रकार सम्मेलन गर्दै एन्फाले च्याम्पियनसिप १ देखि १४ कात्तिकसम्म दशरथ रंगशालामा हुने र त्यसका लागि आवश्यक सम्पूर्ण तयारी पूरा भएको जनाएको छ । प्रतियोगितामा नेपालसँगै माल्दिभ्स, पाकिस्तान, श्रीलंका, भारत, भुटान र बंगलादेश गरी ७ टिमले सहभागिता जनाउँदैछन् ।

सहभागी टोलीहरूमध्ये पाकिस्तान, माल्दिभ्स र बंगलादेश नेपाल आइसकेका छन् । भारत र भुटानको टिम बुधबारसम्म नेपाल आउने एन्फा प्रवक्ता सुरेश शाहले जानकारी दिए ।

प्रतियोगिताको तयारीका लागि २३ सदस्यीय नेपाली राष्ट्रिय महिला टोली मुख्य प्रशिक्षक राजेन्द्र तामाङको नेतृत्वमा बन्द प्रशिक्षणमा रहेको छ । प्रतियोगितामा सहभागी टोलीलाई एन्फा कम्प्लेक्सको खेल मैदान, नेपाली सेनाको भद्रकाली र लगनखेल खेल मैदान तथा सेन्ट जेभियर्सको खेल मैदानमा प्रशिक्षण गर्ने व्यवस्था गरिएको प्रवक्ता शाहले बताए ।

प्रतियोगिताको समूह चरणका खेलको टिकटदर साधारण पारापिटतर्फ ३०० र भिआइपीतर्फ ५०० रुपैयाँ तोकिएको छ । नकआउट चरणका खेलहरूको टिकटदर साधारण पारापिटतर्फ ५०० र भिआइपीतर्फ १ हजार रुपैयाँ कायम गरिएको प्रवक्ता शाहले जानकारी दिए ।

च्याम्पियनसिपका लागि दशरथ रंगशालालाई पूर्ण रूपमा तयार पारिएको एन्फाले जनाएको छ । च्याम्पियनसिपमा सहभागी ७ टोली २ समूहमा विभाजन भएका छन् । साविक विजेता बंगलादेशसहित भारत र पाकिस्तान समूह 'ए' मा छन् । समूह 'बी' मा नेपालसँगै भुटान, श्रीलंका र माल्दिभ्स छन् । प्रतियोगिताको उद्घाटन खेलमा भारत र पाकिस्तान प्रतिस्पर्धा गर्नेछन् । नेपालले आफ्नो पहिलो खेलमा कात्तिक २ गते भुटानसँग खेल्नेछ । त्यस्तै दोस्रो खेलमा ६ गते माल्दिभ्स र तेस्रो खेल ८ गते श्रीलंकासँग खेल्नेछ । दुवै समूहको शीर्ष २ टोली सेमिफाइनल प्रवेश गर्नेछन् । १४ कात्तिक हुने एन्फाले जनाएको छ ।

महिला साफ च्याम्पियनसिपका लागि खेल्ने महिला राष्ट्रिय फुटबल टिमको घोषणा गरिएको छ ।

प्रतियोगिताका लागि अखिल नेपाल फुटबल संघ (एन्फा)ले सोमबार २३ सदस्यीय टिमको घोषणा गरेको छ । साफ महिला फुटबल च्याम्पियनसिप आगामी बिहीबारदेखि काठमाडौंमा हुँदै छ ।

यस प्रतियोगितामा नेपालसहित भारत, बंगलादेशी, पाकिस्तान, श्रीलंका, माल्दिभ्स र भुटान सहभागी हुँदै छन् । नेपाल रहेको समूह 'बी' मा श्रीलंका, माल्दिभ्स र भुटान रहेको छ भने समूह 'ए' मा भारत, बंगलादेश र पाकिस्तान रहेका छन् । प्रतियोगिताको पहिलो खेल बिहीबार भारत र पाकिस्तानबीच हुँदै छ । नेपालले भने शुक्रबार पहिलो खेलमा भुटानको सामना गर्दै छ । नेपालले यसअघिका सबै ५ साफ च्याम्पियनसिपमा भाग लिए पनि अहिलेसम्म उपाधि जित्न सकेको छैन । नेपाल ५ पटक प्रतियोगिताको उपविजेता बनेको छ ।

भारतले ५ पटक उपाधि जितेको छ भने १ पटक बंगलादेशले उपाधि जितेको छ । टोलीको कप्तानमा अन्जिला तुम्बापो छिन् । उनका साथै अञ्जना राना मगर र उषा नाथ गोलरक्षकको रूपमा टोलीमा छन् । टोलीको डिफेन्डरमा गीता राना, अमृता जैसी, समिक्षा घिमिरे, निशा ठोकर, पूजा राना, विमला विक, हिराकुमारी भुजेल र सजनी ठोकर छन् ।

रेनुका नगरकोटे, प्रीति राई, सरु लिम्बु, दिपा शाही, सविता राना मगर, अनिता बस्नेत, अमिषा कार्की र विमला चौधरी टोलीको मिडफिल्डर छन् । रश्मीकुमारी घिसिङ, अनिता केसी, रेखा पौडेल र सावित्रा भण्डारी टोलीको फरवार्ड छन् ।

## न्युजिल्यान्ड सेमिफाइनलमा प्रवेश



■ एजेन्सी

युएई । न्युजिल्यान्ड महिला टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । सोमबार राति भएको खेलमा पाकिस्तानलाई ५४ रनले हराउँदै न्युजिल्यान्ड सन् २०१६ पछि पहिलोपटक सेमिफाइनलमा प्रवेश गरेको हो ।

न्युजिल्यान्डले दिएको १११ रनको लक्ष्य पछ्याएको पाकिस्तान ११ दशमलव ४ ओभरमा ५६ रनमा सीमित भएको हो । पाकिस्तानलाई कम योगफलमा सीमित गर्ने क्रममा एमेली केरेले २ दशमलव ४ ओभरमा १४ रन खर्चेर ३ विकेट लिए । यसैगरी एडन कारसनले ३ ओभरमा ७ रन खर्चेर २ विकेट लिए । उनी खेलको उमन अफ द म्याच समेत घोषित भइन् । पाकिस्तानकी फतिमा सानाले २३ बलमा २१ रन बनाइन् ।

यसैगरी मुनिबा अलीले १५ रन प्रहार गरिन् । यसअघि दुबईको क्रिकेट मैदानमा टस जितेर पहिले ब्याटिङ गरेको न्युजिल्यान्डले ६ विकेटको क्षतिमा ११० रनको योगफल खडा गरेको थियो ।

न्युजिल्यान्डका लागि सुजिया बेट्सले सर्वाधिक २९ तथा ब्रुकी हेलिडले २२ रनको योगदान गरिन् । यसैगरी सोफिया डिभाइनले १९ रन जोडिन् । पाकिस्तानकी न्नासा सन्धुले ४ ओभरमा १८ रन खर्चेर ३ विकेट लिइन् । समूह 'ए' बाट यसअघि नै अस्ट्रेलिया पहिलो हुँदै सेमिफाइनल प्रवेश गरिसकेको छ । यसैगरी, न्युजिल्यान्डले दोस्रो हुँदै सेमिफाइनल प्रवेश गर्दा समूहमा रहेका भारत, पाकिस्तान र श्रीलंका बाहिरिएका छन् ।

विश्व

## जापानमा निर्वाचन अभियान सुरू



■ एजेन्सी

टोकियो । जापानमा अक्टोबर २७ मा हुने आमचुनावका लागि मंगलबारदेखि निर्वाचन अभियान सुरु भएको छ । निर्वाचनमा सत्तारूढ गठबन्धन लिबरल डेमोक्र्याटिक पार्टी (एलडिपी) र यसका साझेदारहरूले बहुमत कायम राख्न सक्ने अपेक्षा गरिएको छ भने विपक्षी दलहरूले सत्तारूढ समूहको पकडलाई कमजोर पार्ने कुरामा चुनावको ध्यानाकर्षण रहेको छ । संसद्को शक्तिशाली सदन हाउस अफ रिप्रिजेन्टेटिभमा ४६५ सिटका लागि १ हजार ३३८ उम्मेद्वारहरूले प्रतिस्पर्धा गरिरहेको जापानी सरकारी सञ्चार माध्याम एनएचकेले जनाएको छ ।

जापानको प्रतिनिधिसभा मिश्रित निर्वाचन प्रणालीमार्फत निर्वाचित हुन्छ जसले एकल-सदस्य जिल्लाहरू र समानुपातिक प्रतिनिधित्व दुवैलाई मिलाउँछ । निर्वाचनमा मतदाताहरूले २ वटा मतपत्रमा भोट हाल्छन ती मध्ये एउटा एकल-सदस्य जिल्लामा उम्मेद्वारका लागि र एउटा समानुपातिक प्रतिनिधित्वमा रहेको पार्टीका लागि हुन्छ ।

निर्वाचनले एलडिपिको कोष घोटालालाई पछ्याई राजनीतिक सुधार, मुद्रास्फीति र आर्थिक उपायहरूको प्रतिक्रियाजस्ता प्रमुख मुद्दाहरूमा केन्द्रित हुने अपेक्षा गरिएको छ । लामो समय जापानमा शासन गर्ने एलडिपीले यसअघि ४६५ सदस्यीय तल्लो सदनमा २५८ सिट ओगटेको थियो भने ३२ सिटसहितको कोमेइटोसँग गठबन्धनमा शासन गरेको थियो । मुख्य विपक्षी दल पूर्वप्रधानमन्त्री योशिहिको नोडाको नेतृत्वमा रहेको जापानको संवैधानिक लोकतान्त्रिक पार्टीले भने ९९ वटा सिट जितेको थियो ।


## अफ्रिकन अमेरिकी र ल्याटिनोमा ह्यारिसको चासो

■ एजेन्सी

न्युयोर्क । अमेरिकामा ५ नोभेम्बरमा हुने राष्ट्रपति पदको निर्वाचनका लागि सरगर्मी बढी रहेको छ । यसै समयमा उम्मेद्वार कमला ह्यारिस अफ्रिकन अमेरिकन र ल्याटिनो अमेरिकीमा बढी केन्द्रित हुन थालेकी छिन् । यी दुवै समुदायमा ह्यारिसको पकड बलियो छ । परन्तु उनका शुभेच्छुकहरूले नै दुवै समुदायमा उनले धेरै मिहिनेत गर्न आवश्यक रहेको सुझाए पछि उनी यस विषयमा तल्लीन भएकी हुन् ।

पछिल्लो सर्वेक्षणले अफ्रिकन अमेरिकीको ७८ प्रतिशत समर्थन ह्यारिसको पक्षमा छ । विगतमा केही निर्वाचनमा यस समुदायको मत ९० प्रतिसतम्सम्म डेमोक्र्याटले पाएका थिए । यस कारण यस समुदायमा अझ धेरै आवश्यक रहेको बताइएको छ ।


महत्वपूर्ण ब्याटल ग्राउन्डमा दुवै उम्मेद्वार तल्लीन छन् । यसै कारण पनि त्यहाँ क्षेत्रका तरल मतले नै निर्वाचनको नतिजामा निर्णायक असर गर्न सक्छ । एरिजोनामा २५ तथा नेभाडामा २५ प्रतिशत ल्याटिनो मतदाता छन् । यसै गरी, जर्जियामा अफ्रिकन अमेरिकनको मत ३० प्रतिशत छ ।



अहिले अमेरिकी निर्वाचनमा अर्थतन्त्र र जनजीवनमा परेको असहज स्थिति मुख्य विषय बनेको छ । यी राज्यहरूमा ल्याटिनो र अफ्रिकन अमेरिकनहरू नै अहिलेको आर्थिक अवस्था प्रति असन्तुष्ट छन् । पहिलोपटक बाराक ओबामालाई मतदान गर्नेहरू नै सन् २०१६ पछि डोनाल्ड ट्रम्पलाई मत दिन थालेका धेरै उदाहरण पनि छन् । कतिपय ल्याटिनोहरू त डेमोक्र्याट दल तथा ट्रम्प दुवै जीवन सहज बनाउन असमर्थ रहेको कुरा बताउन थालेका छन् । ह्यारिसका समर्थकहरू नै अहिले अर्थतन्त्रका कारण धेरै जना ट्रम्पतिर ढल्कँदै गएको बताउँछन् । यो अवस्था सबैभन्दा धेरै नेभाडामा छ । अहिले दुवै उम्मेद्वार सीमाको एजेन्डामा तल्लीन छन् । बाइडेन प्रशासनको समयमा मेक्सिको सीमामा समस्या बढेको कुरामा दुवै उम्मेद्वार सहमत भएका छन् ।

ल्याटिनोहरू नै अवैध प्रवेशका कारण त्यहाँ रहेकाहरूमा समस्या परेको बताउन थालेका छन् भने कतिपयहरू आफ्नो समुदायप्रति ट्रम्प कठोर भएको बताउन थालेका छन् ।

## भारतीय विदेशमन्त्री जयशंकर पाकिस्तानमा



■ एजेन्सी

नयाँ दिल्ली । भारतीय विदेशमन्त्री एस जयशंकर पाकिस्तान पुगेका छन् । शांघाई सहयोग संगठन (एससिओ) शिखर सम्मेलनमा सहभागी हुन विदेशमन्त्री जयशंकर केहीबेरअघि पाकिस्तानको इस्लामावाद पुगेको भारतीय समाचार एजेन्सी एएनआईले उल्लेख गरेको छ । जयशंकरले पाकिस्तानको राजधानी इस्लामावादमा अक्टोबर १५ र १६ मा हुने एससिओ शिखर सम्मेलनमा भाग लिनेछन् ।

२ देशबीचको सम्बन्धमा विगत केही वर्षदेखि देखिएको तनावका बीच भारतबाट पाकिस्तानको यो पहिलो उच्चस्तरीय भ्रमण हुनेछ । दुवै पक्षले शिखर सम्मेलनको अवसरमा जयशंकर र उनका पाकिस्तानी समकक्ष इशाक दारबीच कुनै द्विपक्षीय वार्तालाई अस्वीकार गरेका छन् ।

करिब ९ वर्षपछि भारतीय विदेशमन्त्रीले पाकिस्तान भ्रमण गरेको यो पहिलोपटक हो । कश्मीर मुद्दा र सीमापार आतंकवादलाई लिएर २ देशबीचको सम्बन्ध अझै चिसो छ ।

१५ जुन २००१ मा स्थापना भएको शांघाई सहयोग संगठनमा १० देश स्थायी सदस्य रहेका छन् । जसमा चीन, भारत पाकिस्तान, बेलारुस, रुस, इरान, काजकिस्तान, किर्गिस्तान, ताजकिस्तान र उज्बेकिस्तान रहेका छन् ।

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: एक्स्प्रेस कलर प्रेस, बुद्धनगर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी